# आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२

(उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ का सुझावको आधारमा तयार गरिएको)




## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

## सिंहदरवार काठमाडौं

## २०८२

## समितिको भनाई

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/१/२ को निर्णयबमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (शासकीय मामिला) को संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव (राजस्व) र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) सदस्य रहने गरी समिति गठन भएको थियो। उक्त समितिलाई पूर्वसचिव रामेश्वरप्रसाद खनालको अध्यक्षतामा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ को प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने जिम्मेवारी दिइएको थियो। समितिले उक्त प्रतिवेदनउपर विश्लेषण र छलफल गरी कार्यान्वयनयोग्य सुझावहरूलाई क्रियाकलापमा रूपान्तरण गर्दै क्षेत्रगत तथा मन्त्रालयगत जिम्मेवारी र समयसीमा सहितको कार्ययोजना तयार गरेको छ।

प्रतिवेदनले मुख्य रूपमा आर्थिक सुधारका अतिरिक्त सुधारका विस्तृत क्षेत्रहरूलाई समेत समेटेको छ। प्रतिवेदनमा क्षेत्रगत रूपमा दिइएका सुझावहरूलाई सोहीअनुसार कार्ययोजनामा समावेश गरिएको छ। यो कार्ययोजनाले विविध क्षेत्रलाई समेट्दै सम्बन्धित विषयक्षेत्रको कार्यसम्पादनका लागि सम्बन्धित मन्त्रालयलाई जिम्मेवारी दिएको छ। मन्त्रालयहरूले आफ्ना मातहतका विभाग, निकाय, कार्यालय वा महाशाखालाई कार्य बाँडफाँट गरी कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ। सम्बन्धित मन्त्रालयले माइलस्टोनसहित स्पष्ट र कार्यान्वयनयोग्य कार्ययोजना तयार गरी आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेर कार्ययोजनामा उल्लिखित क्रियाकलापहरू समयमै सम्पन्न गर्नुपर्नेछ। यो कार्ययोजनालाई आन्तरिकीकरण गरी विस्तृत कार्ययोजना तयार गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयको हुनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उक्त कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। साथै, सहजीकरणको जिम्मेवारी पाएका मन्त्रालय तथा निकायहरूले उक्त क्रियाकलापहरू सम्पादनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्नेछ।

यो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको पनि महत्त्वपूर्ण भूमिका रहन्छ। तसर्थ, जिम्मेवार वा सहजीकरण गर्ने निकायका रूपमा पहिचान गरिएका क्रियाकलापहरू प्रभावकारी कार्यान्वयनका लागि सबै प्रदेश र स्थानीय तहसँग समन्वय आवश्यक छ। यो समन्वय स्थानीय तहसँगको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले र प्रदेशसँगको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नुपर्नेछ।

अन्त्यमा, प्रस्तुत सुझाव कार्यान्वयन कार्ययोजना तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैमा समिति हृदयदेखि कृतज्ञता व्यक्त गर्दछ।

संयोजकः चुडामणि पौडेल, सचिव (शासकीय मामिला) ; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सदस्यः गोविन्द बहादुर कार्की, सचिव (वाणिज्य तथा आपूर्ति); उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कृष्णबहादुर राउत, सचिव (उद्योग); उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सदस्यः दिनेशकुमार घिमिरे, सचिव (राजस्व), अर्थ मन्त्रालय

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | **मौद्रिक नीति** | | | | |
| 1. | मौद्रिक व्यवस्थापनको लागि ब्याजदर कोरिडरलाई प्रभावकारी कार्यान्वयन गर्दै अन्तरबैंङ्क ब्याजदर नीतिगत दरको नजिक राख्ने। ब्याजदर कोरिडरको ब्याण्डलाई क्रमशः कम गर्दै लैजाने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | निरन्तर | अन्तरबैंङ्क ब्याजदर र नीतिगत ब्याजदरबीचको अन्तर कम भएको हुने। |
| 2. | तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै ब्याजदरको उतारचढाव कम गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | निरन्तर | ब्याजदरको उतारचढाव कम भएको हुने। |
| 3. | मौद्रिक नीतिको उद्देश्यसँग तादात्म्यता कायम हुने गरी विदेशी विनिमय व्यवस्थापन र नियामकीय व्यवस्था गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | निरन्तर | मौद्रिक नीतिको उद्देश्य, विनिमय व्यवस्थापन एवम् नियामकीय व्यवस्थाबीच तादात्म्यता कायम भएको हुने। |
| 4. | विदेशी विनिमय सञ्चितिले वस्तु तथा सेवाको आयात धान्न सक्ने अवधि ५ देखि ७ महिनासम्म कायम गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | निरन्तर | विदेशी विनिमय सञ्चितिले ५ देखि ७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने गरी राखिएको हुने। |
| | **ब्याजदर** | | | | |
| 5. | उत्पादनमूलक र निर्यातमुखी क्षेत्रमा प्रवाह हुने कर्जालाई स्थिर ब्याजदरमा प्राप्त हुने व्यवस्था गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | निरन्तर | उत्पादनमूलक र निर्यातमुखी क्षेत्रमा स्थिर ब्याजदरमा कर्जा प्रवाह भएको हुने। |
| 6. | उत्पादनमूलक उद्योग र निर्यातलाई प्रर्वद्धन गर्न त्यस क्षेत्रमा जाने कर्जा र स्थिर आय भएका व्यक्तिहरूले लिने पहिलो घरकर्जा निश्चित अवधिसम्म स्थिर ब्याजदरमा उपलब्ध हुने व्यवस्था गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | निरन्तर | निश्चित अवधिसम्म ब्याजदर स्थिर भएको हुने। |
| 7. | बैकिङ्ग प्रणालीको सञ्चालन लागत कम गर्न, क्षमता अभिवृद्धि गर्न र वित्तीय स्थायित्व कायम गर्न कर्जा र निक्षेपको ब्याजदर अन्तर कम गर्दै लैजाने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | १ वर्षभित्र | कर्जा र निक्षेपको ब्याजदर अन्तर कम भएको हुने। |
| 8. | निक्षेपको वास्तविक ब्याजदर धनात्मक र कर्जाको ब्याजदर एकल उच्च अङ्क वा न्यून दोहोरो अङ्कमा मात्र रहने गरी ब्याजदर नीति अबलम्बन गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | १ वर्षभित्र | ब्याजदर नीति अवलम्बन भएको हुने। |
| 9. | अर्थतन्त्रमा ब्याजदर उतारचढावलाई सम्बोधन गर्न ऋणपत्र बजारको | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | १ वर्षभित्र | ऋणपत्र बजारको विकास |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | विकास गर्ने। | | | | भई ब्याजदर उतारचढाव व्यवस्थित भएको हुने। |
| 10. | कम ब्याजदरमा सहजै वित्तीय स्रोत उपलब्ध गराउन वैकल्पिक वित्तको व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | वैकल्पिक वित्त परिचालन भएको हुने। |
| | **मुद्रास्फीति** | | | | |
| 11. | सरकारी खर्च कटौती तथा अप्रत्यक्ष करका दरहरूमा कमी ल्याउने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | सरकारी खर्च कटौती तथा अप्रत्यक्ष करका दरहरूमा कमी आएको हुने। |
| 12. | उत्पादन र व्यवसायिक लागत घटाउने उपाय अवलम्बन गर्ने। | सम्बन्धित मन्त्रालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | उत्पादन तथा व्यावसायिक लागत घटेको हुने। |
| 13. | कालोबजारी नियन्त्रण गर्दै बजारमा सहज ढङ्गले वस्तु तथा सेवाको आपूर्ति सुनिश्चित गर्ने। | गृह मन्त्रालय/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | कालोबजारी नियन्त्रण भई वस्तु तथा सेवाको आपूर्ति सुनिश्चित भएको हुने। |
| | **विनिमय दर** | | | | |
| 14. | भारतीय रुपैयाँसँगको विनिमय दरको विकल्पमा अध्ययन तथा अनुसन्धान गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | १ वर्षभित्र | अध्ययन अनुसन्धान भएको हुने। |
| 15. | वास्तविक विनिमय अधिमूल्यन हुन नदिन मुद्रास्फीति कम दरमा राख्ने र प्रचलित (nominal) विनिमयदरको तहलाई आवश्यकता अनुसार परिवर्तन गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | निरन्तर | वास्तविक विनिमय अधिमूल्यन नभएको हुने। |
| | **संस्थागत, नीतिगत र कानूनी सुधार** | | | | |
| 16. | लगानी तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न रणनीति बनाई कार्यान्वयन गर्ने। | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | लगानी तथा व्यवसायमैत्री वातावरण तयार भएको हुने। |
| 17. | नागरिक र तीनै तहका कर्मचारीलाई सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषयमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | सबै निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने। |
| 18. | राजस्व प्रशासनको दक्षता तथा कार्यकुशलता अभिवृद्धि गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | तत्काल सुरु गरी निरन्तर | दक्षता तथा कार्यकुशलता अभिवृद्धि भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | कार्यालय | | |
| | **कानूनी सुधार** | | | | |
| 19. | **देहायका ऐनहरू खारेज गर्ने:**<br>1. आय टिकट दस्तुर ऐन, २०१९<br>2. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२<br>3. निजी वन जंगल राष्ट्रियकरण ऐन, २०१३<br>4. प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३<br>5. क्षतिपूर्ति ऐन, २०१९<br>6. बिर्ता उन्मूलन ऐन, २०१६<br>7. बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५<br>8. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२<br>9. विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन, २०२१<br>10. नेपाल एजेन्सी ऐन, २०१४<br>11. प्रादेशिक विकास योजनाहरू (कार्यान्वयन गर्ने) ऐन, २०१३<br>12. सामाजिक व्यवहार सुधार ऐन, २०३३<br>13. नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४<br>14. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ | सम्बन्धित मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ वर्षभित्र | कानूनहरू खारेज/प्रतिस्थापन भएका हुने। |
| 20. | निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ खारेज गरी निकासी पैठारी नियमन ऐन जारी गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सङ्घीय संसद सचिवालय | १ वर्षभित्र | निकासी पैठारी नियमन ऐन जारी भएको हुने। |
| 21. | औषधी ऐन, २०३५ लाई खारेज गरी औषधी तथा स्वास्थ्य सामग्री नियमन ऐन जारी गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | औषधी ऐन खारेज भई नयाँ ऐन जारी भएको हुने। |
| 22. | अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ र जग्गा प्राप्ति ऐन, २०३४ लाई गाभेर निजी सम्पत्ति अधिग्रहण ऐन जारी गर्ने। | गृह मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | निजी सम्पत्ति अधिग्रहण ऐन जारी भएको हुने। |
| 23. | पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ र प्रतिलिपी अधिकार ऐन, २०५९ | उद्योग, वाणिज्य तथा आपूर्ति | कानून, न्याय तथा | १ वर्षभित्र | नयाँ बौद्धिक सम्पत्ति |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | गाभेर बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने ऐन जारी गर्ने। | मन्त्रालय | संसदीय मामिला मन्त्रालय | | अधिकार संरक्षण गर्ने ऐन जारी भएको हुने। |
| 24. | नेपाली व्यवसायीको बौद्धिक सम्पत्ति अन्तर्राष्ट्रियस्तरमा संरक्षण दिलाउन म्याड्रिड प्रणाली र त्यस अन्तरगतको सम्झौता अनुमोदन गर्ने र पेटेन्ट कोअपरेसन सन्धिमा सहभागी हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | सम्झौता अनुमोदन गरी सन्धिमा सहभागी भएको हुने। |
| 25. | ढुङ्गा, गिट्टी बालुवा जस्ता निर्माणजन्य सामग्री व्यवस्थापन तथा नियमन ऐन जारी गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घीय संसद सचिवालय | १ वर्षभित्र | निर्माणजन्य सामग्री व्यवस्थापन तथा नियमन ऐन  जारी भएको हुने। |
| 26. | वस्तु विनिमय बजार  सञ्चालनका लागि पब्लिक वेयरहाउजिङ ऐन जारी गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | पब्लिक वेयरहाउजिङ ऐन जारी भएको हुने। |
| 27. | साख मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न कर्जा सूचना प्रतिवेदन ऐन जारी गर्ने। | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | कर्जा सूचना प्रतिवेदन ऐन जारी भएको हुने। |
| 28. | वित्तीय समस्यामा परेका साना उपभोक्ता तथा उद्यमीलाई समेट्ने गरी नयाँ दामसाही सम्बन्धी ऐन जारी गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | दामसाही सम्बन्धी ऐन जारी भएको हुने। |
| 29. | वैकल्पिक लगानी संस्थालाई संगठित संस्थाका रूपमा दर्ता हुने विकल्पका रूपमा सीमित दायित्व साझेदारी ऐन जारी गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | सीमित दायित्व साझेदारी ऐन जारी भएको हुने। |
| | **सार्वजनिक खर्च** | | | | |
| 30. | ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ७० वर्ष कायम गर्ने  तथा भत्ता पाउन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने। | गृह मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्षभित्र | भत्ता पाउने उमेर ७० वर्ष कायम भई NID सँग आवद्ध भएको हुने। |
| 31. | योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा फराकिलो बनाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | निरन्तर | योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा फराकिलो भएको हुने। |
| 32. | सङ्घीय शासन प्रणाली अनुरूपको प्रशासनिक पुनःसंरचना गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | प्रशासनिक पुनःसंरचना भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 33. | प्रदेश र स्थानीय तहको खर्च समेत एकल खाता प्रणालीमा ल्याउने। | अर्थ मन्त्रालय /महालेखा नियन्त्रकको कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | तीनै तहमा एकल खाता प्रणाली प्रयोग भएको हुने। |
| 34. | तीनै तहका लागि एकीकृत आयोजना बैङ्क सूचना प्रणाली तयार गरी कार्यान्वयन गर्ने। | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ प्रदेश सरकार/स्थानीय तह | १ वर्षभित्र | एकीकृत सूचना प्रणाली तयार भई कार्यान्वयन भएको हुने। |
| 35. | सडक आयोजनाहरूको प्राथमिकीकरण गरी रणनीतिक उपादेयताका आधारमा मात्र आयोजना सञ्चालन गर्ने र पहाडी क्षेत्रमा नयाँ ठूला सडक आयोजनाहरू सञ्चालन नगर्ने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | प्राथमिकीकरणको मापदण्ड तयार भई कार्यान्वयन भएको हुने। |
| 36. | निर्माण भइसकेका सडक र सिँचाइका पूर्वाधारलाई मध्यनजर गरी उत्पादन वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/कृषि तथा पशुपक्षी विकास मन्त्रालय/प्रदेश तथा स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र/ निरन्तर | निर्माण भइसकेका पूर्वाधारलाई मध्यनजर गरी उत्पादन वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन भएका हुने। |
| 37. | पर्याप्त पूर्वतयारी सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने। | अर्थ मन्त्रालय/ आयोजना सञ्चालन गर्ने सबै मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | पूर्वतयारी भएका आयोजनामा मात्र बजेट विनियोजन भएको हुने। |
| 38. | आयोजना अवधिभर कर्मचारीलाई अन्यत्र सरूवा नगर्ने। | आयोजना सञ्चालन गर्ने सबै मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | समयमै आयोजना सम्पन्न भएको हुने। |
| 39. | सञ्चालनमा रहेका राष्ट्रिय गौरव र बहुवर्षीय आयोजनाहरू सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन गर्ने, अधुरा आयोजनाहरू सम्पन्न गर्ने र वित्तीय स्रोत उपलब्ध भएमा मात्र नयाँ आयोजनाहरू छनौट गर्ने नीति अबलम्बन गर्ने। | अर्थ मन्त्रालय/ सम्बन्धित मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/राष्ट्रिय योजना आयोग | तत्काल र निरन्तर | स्रोतको आधारमा बजेट विनियोजन र आयोजना छनौट भएको हुने। |
| 40. | लुम्बिनी विकास कोष र पशुपति विकास कोष जस्ता सालबसाली प्रकृति आयोजनाहरूलाई राष्ट्रिय गौरवको आयोजनाको सूचीबाट हटाउने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | सालबसाली प्रकृतिका आयोजनाहरू राष्ट्रिय गौरवका आयोजनाको सूचीबाट हटेको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 41. | सार्वजनिक निर्माण कार्यलाई प्रभावकारी बनाउन निर्माण व्यवसायीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | आयोजना सञ्चालन गर्ने सबै मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | निर्माण व्यवसायीका लागि क्षमता विकास कार्यक्रम सञ्चालन भएको हुने। |
| 42. | सिँचाइ र जलविद्युत् उत्पादन गर्ने बहुउद्देश्यीय आयोजनाहरूमा निजी क्षेत्रको लगानी आकर्षण गर्ने। | लगानी बोर्ड/ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | बहुउद्देश्यीय आयोजनाहरूमा निजी क्षेत्रको लगानी आकर्षण भएको हुने। |
| | **राजस्व** | | | | |
| 43. | देहायका राजस्वसम्बन्धी कानूनमा सुधार गर्नेः<br>1. मूल्य अभिवृद्धि कर ऐनमा कर छली विरुद्धको सामान्य नियमहरू (जेनेरल एन्टी-अभोइडेन्स रुल्स) सम्बन्धी प्रावधान थप गर्ने।<br>2. अन्तःशुल्क लाग्ने वस्तुहरूको संख्या क्रमशः घटाउँदै जनस्वास्थ्य र पर्यावरणमा दुष्प्रभाव पर्ने वस्तुहरूमा मात्र सीमित गर्ने।<br>3. राजस्व न्यायाधिकरणको संरचना सुधार गरी स्तर बढाउने र अन्य निकायको क्षमता अभिवृद्धि गर्ने। राजस्व अनुसन्धान विभाग खारेज गर्ने।<br>4. दुई देश बीचको मूल्यमा धेरै फरक नपर्ने गरी मित्रराष्ट्र भारत तथा अन्य मुलुकबाट हुने आयातमा लगाइने भन्सार दर निर्धारण गर्ने र मित्रराष्ट्र भारतको भन्सार शुल्कमा हुने परिवर्तनलाई मध्यनजर राखेर नेपालको भन्सार शुल्क समयानुकूल परिवर्तन गर्ने।<br>5. गैर कर राजस्वका दरमा समसामयिक परिमार्जन गर्ने एवम् रोयल्टी, शुल्क, विनिवेश र लाभांशबाट बढी भन्दा बढी सरकारको आय बढाउने।<br>6. कर कानूनको प्रयोग भूतप्रभावी रूपमा नगर्ने।<br>7. प्रदेश तथा स्थानीय तहमा तिर्ने कर तथा गैरकर राजस्वलाई प्यान नम्बरसँग आवद्ध गर्ने।<br>8. निर्यातमा हुने आयमा १० प्रतिशतमात्र आयकर लगाउने।<br>9. कर मुद्धा तथा विवादहरू समयमा नै फर्छ्यौट गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | कानून संशोधन भई कार्यान्वयन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | 10. सरकारको स्वामित्वमा रहेका संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी निजी क्षेत्रलाई सेयर बिक्री गर्ने। | | | | |
| | **सार्वजनिक ऋण** | | | | |
| 44. | चालु खर्चको लागि ऋण परिचालन नगर्ने। राजस्व र खर्चबीचको अन्तर (gap) पूरा गर्न मात्र छोटा अवधिका ट्रेजरी बिल्स जारी गर्ने। | अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैंङ्क | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | छोटो अवधिका ट्रेजरी बिल्स जारी भएका हुने। |
| 45. | प्रचलित ब्याजदर भन्दा बढी प्रतिफल दिने आयोजनाहरूमा मात्र ऋण लिने र यस्ता आयोजना सम्पन्न हुन लाग्ने अवधि बराबरको विकास ऋणपत्र जारी गर्ने। | अर्थ मन्त्रालय/ सम्बन्धित मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | प्रतिफल दिने आयोजनामा मात्र ऋण लिने गरी विकास ऋणपत्र परिचालन भएको हुने। |
| 46. | बैकिङ्ग प्रणालीमा अधिक तरलता भएको अवस्थामा दीर्घकालीन प्रकृतिका आयोजनाहरू छनौट गरी विकास ऋणपत्र जारी गर्ने। | अर्थ मन्त्रालय/ सम्बन्धित मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | दीर्घकालीन प्रकृतिका आयोजनाहरू छनौट गरी विकास ऋणपत्र जारी भएको हुने। |
| 47. | जलवायु वित्तको परिचालन गरी यसबाट बढीभन्दा बढी फाइदा लिन जलवायु वित्तको लागि उपयुक्त आयोजनाहरू छनौट गर्ने। | अर्थ मन्त्रालय /वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | जलवायु वित्त परिचालनका लागि उपयुक्त आयोजनाहरू छनौट भएका हुने। |
| 48. | आन्तरिक ऋणको सीमा तोक्दा कुल आन्तरिक ऋणलाई भन्दा त्यो वर्ष हुने भुक्तानीलाई घटाएर प्राप्त हुने खुद अङ्कलाई आधार लिने। | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | १ वर्षभित्र | आन्तरिक ऋणको सीमा तोक्ने आधार परिवर्तन भएको हुने। |
| | **सार्वजनिक संस्थान** | | | | |
| 49. | (जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इन्जिनियरिङ्ग कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल, र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रा.लि) खारेज गरी यी संस्थाको नाममा रहेको अचल सम्पत्ति सरकारको नाममा ल्याई व्यवस्थापन गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सम्बन्धित मन्त्रालय | १ वर्षभित्र | संस्थान खारेज भई सम्पत्ति व्यवस्थापन भएको हुने। |
| 50. | समयमै लेखापरीक्षण नगराउने सार्वजनिक संस्थानका जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई कारबाही गर्ने। | सम्बन्धित मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | निरन्तर | जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई कारबाही |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | कार्यालय | | भएको हुने। |
| 51. | हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको डिडिए गरेर गाभी सरकारको केही हिस्सामात्र राखेर निजी क्षेत्रलाई सेयर बिक्री गर्ने। | अर्थ मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र | उद्योगहरू गाभिई प्रभावकारी रूपमा सञ्चालन भएका हुने। |
| 52. | नेपाल वायुसेवा निगमको पुनर्संरचना गरी वाह्य रणनीतिक साझेदार भित्र्याएर व्यवसायिक ढङ्गले व्यवस्थापन गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय | २ वर्षभित्र | पुनःसंरचना गरी रणनीतिक साझेदार भित्रिएको हुने। |
| 53. | दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानको रूपमा परिणत गर्ने । | अर्थ मन्त्रालय | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | दुग्ध विकास संस्थान प्रदेशमा हस्तान्तरण भएको हुने। |
| 54. | व्यवसायिक ढङ्गले सार्वजनिक संस्थानहरू सञ्चालन गर्न विद्यमान कम्पनी ऐनमा सरकारको एकल स्वामित्वमा पब्लिक लिमिटेड कम्पनीको रूपमा होल्डिङ्ग कम्पनी रहन सक्ने व्यवस्था गरी पूर्ण सरकारी स्वामित्वको होल्डिङ्ग कम्पनी अन्तर्गत सबै संस्थानलाई ल्याउने र मन्त्रालयहरू अन्तर्गत संस्थानलाई नराख्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ वर्षभित्र | सार्वजनिक संस्थानलाई पूर्ण सरकारी स्वामित्वको होल्डिङ्ग कम्पनी अन्तरगत ल्याउने व्यवस्था गरी संस्थानलाई मन्त्रालयको प्रत्यक्ष मातहतभन्दा पृथक बनाइएको हुने। |
| 55. | निश्चित प्रतिफल र कार्य सम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान व्यक्ति नियुक्ति गर्ने र व्यवसायिक ढङ्गले सञ्चालन गर्न सक्ने गरी स्वायत्तता प्रदान गर्ने। | सम्बन्धित मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | संस्थानमा क्षमतावात व्यक्ति नियुक्त भएको हुने र कार्यसञ्चालनमा स्वायत्तता प्रदान गरिएको हुने। |
| 56. | सार्वजनिक संस्थानलाई पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई सेयर बिक्री गर्ने र बण्ड जारी गरेर लगानीको लागि पुँजी परिचालन गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | सेयर संरचनामा परिवर्तन र लगानीको लागि पुँजी परिचालन भएको हुने। |
| 57. | सार्वजनिक संस्थानमा कर्मचारीको तलब वा अन्य खर्च भुक्तानी गर्नका लागि ऋण नदिने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल | साधारण खर्चका लागि ऋण परिचालन बन्द भएको हुने। |
| | **सामाजिक सुरक्षा** | | | | |
| 58. | तीनै तहका सरकारले प्रदान गर्ने सबै प्रकारका सामाजिक सुरक्षालाई | | प्रधानमन्त्री तथा | २ वर्षभित्र | एकीकृत तथ्याङ्क |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी सामाजिक सुरक्षा उपलब्धताको एकीकृत तथ्याङ्क तयार पारी दोहोरो नपर्ने गरी सामाजिक सुरक्षा उपलब्ध गराउने। | गृह मन्त्रालय | मन्त्रिपरिषद्को कार्यालय/ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह | | व्यवस्थापन प्रणाली तयार भई तीनै तहका सरकारसँग समन्वय भएको हुने। |
| 59. | सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ मा रहेको भत्ता नपाउने अवस्थामा "नेपालको निजी क्षेत्रका प्रतिष्ठानबाट अवकाश प्राप्त वा विदेशमा काम गरी फर्केका नेपाली नागरिकले विदेशमा काम गरेको निकायबाट नियमित मासिक निवृत्तभरण पाइरहेको व्यक्ति" थप गर्ने। | गृह मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १ वर्षभित्र | ऐन संशोधन भई सम्बन्धित विषय समावेश भएको हुने। |
| 60. | योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था वृद्धि गर्न सामाजिक सुरक्षा कोषमा आवद्ध हुन उद्योग व्यवसाय र संघ संस्थाहरूलाई उत्प्रेरित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | अर्थ मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | कोषमा आवद्धको संख्या उल्लेख्य रूपमा वृद्धि भएको हुने। |
| 61. | स्वास्थ्य बिमाको हालसम्मको सिर्जित दायित्व भुक्तानी गर्ने र स्वास्थ्य बिमाको बढ्दो भार सम्बोधन गर्न स्वास्थ्यमा हानी गर्ने सुर्ती, चुरोट, मदिरामा स्वास्थ्य कर लगाएर बिमा कोषमा जम्मा गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | सिर्जित दायित्व भुक्तानी भएको हुने, स्वास्थ्य कर लगाइएको हुने, बिमा प्रिमियम बढाई सङ्कलित रकम प्रतिफलयुक्त क्षेत्रमा परिचालन भएको हुने। |
| 62. | स्वास्थ्य बिमाको प्रिमियम रकम पूनरावलोकन गर्नुका साथै स्वास्थ्य बिमासँग सम्बन्धित विभिन्न स्किमहरूलाई एकीकृत गर्ने र प्रिमियम बापत सङ्कलित रकम उच्च प्रतिफल दिने क्षेत्रमा लगानी गर्ने। | अर्थ मन्त्रालय/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | प्रिमियम रकमको पुनरावलोकनका साथै प्रिमियम बापत सङ्कलित रकम उच्च प्रतिफल दिने क्षेत्रमा लगानी भएको हुने। |
| 63. | प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत व्यक्तिहरूलाई नेपाल सरकारबाट सञ्चालित अन्य विकास तथा भौतिक पूर्वाधार निर्माण आयोजनामा पनि संलग्न गराउन सकिने व्यवस्था गर्ने। साथै, सूचिकृत व्यक्तिहरूको व्यक्तिगत विवरणहरू विश्लेषण गरी आवश्यक सीपमूलक तालिम प्रदान गरी निजी क्षेत्रका उद्यम व्यवसायमा उपलब्ध रोजगारीसँग आवद्ध गर्ने व्यवस्था गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र | कार्यविधि/निर्देशिकामा संशोधन भई कार्यान्वयन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 64. | मेडिकल शिक्षामा सरकारी कलेजहरूमा विद्यार्थी संख्याको ७५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने गरिएको विद्यमान व्यवस्थालाई परिमार्जन गरी २५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति र अर्को २५ प्रतिशतलाई आंशिक छात्रवृत्तिको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | व्यवस्था परिमार्जन भई कार्यान्वयन भएको हुने। |
| 65. | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट परिचालित वित्तीय साधनलाई उच्च प्रतिफल दिने आयोजना लक्षित गरी लगानी गर्ने व्यवस्था मिलाउने। | सम्बन्धित निकाय | अर्थ मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ६ महिनाभित्र र निरन्तर | कोषको रकम प्रतिफलयुक्त क्षेत्रमा परिचालन भएको हुने। |
| | **वित्तीय सङ्घीयता** | | | | |
| 66. | तीन तहको कार्य विभाजनमा थप स्पष्टता सहितको कानूनी आधार प्रदान गर्दै कार्यक्षेत्र नदोहोरिने गरी कार्य विस्तृतीकरणलाई स्पष्ट बनाई सार्वजनिक सेवा प्रवाह र विकास निर्माणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार/स्थानीय तह | ६ महिनाभित्र | कार्यविस्तृतीकरणलाई थप स्पष्ट गरी कार्यान्वयन भएको हुने। |
| 67. | साझा अधिकारको सूचीसँग सम्बन्धित विषयहरूमा तीन तहबीच कार्य बाँडफाँटको लागि तर्जुमा हुँन बाँकी सङ्घीय कानून यथाशीघ्र तर्जुमा गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | बाँकी कानूनको पहिचान गरी तर्जुमा भएका हुने। |
| 68. | नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट सम्पादन हुनसक्ने कार्यहरू सम्बन्धित तहमा हस्तान्तरण गर्ने र सो बमोजिम सङ्घीय तहमा कर्मचारी कटौती गरी चालु खर्च कम गर्ने । | सम्बन्धित मन्त्रालयहरू/ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कार्यहरू हस्तान्तरण भई सङ्घीय तहमा कर्मचारी दरबन्दी कटौती भएको हुने। |
| 69. | तीनै तहको लागि मुख्य वित्तीय स्रोत एउटै रहेको सन्दर्भमा सङ्घीय सरकारले वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान प्रदेश र स्थानीय तहलाई पठाई सकेपछि नेपालको संविधान धारा ६०(५) अनुरुप प्रदेशले स्थानीय तहहरूमा वित्तीय समानीकरण प्रदान गर्ने व्यवस्था बाहेक अन्य अनुदान नपठाउने व्यवस्था गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा संशोधन गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | २ वर्षभित्र | कानून संशोधन गरी व्यवस्था कार्यान्वयन भएको हुने। |
| 70. | सङ्घीय सरकारले बजेटमा वित्तीय हस्तान्तरणको लागि विनियोजन गरिसकेपछि सो अनुरुप प्रदेश र स्थानीय तहले खर्च गरेको खण्डमा अनिवार्य भुक्तानी दिने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल | खर्च बमोजिम अनिवार्य भुक्तानी हुने व्यवस्था लागू भएको हुने। |
| 71. | एकीकृत सूचना प्रणालीको विकास गरी फर्म, व्यवसाय तथा उद्योगको दर्ता, नवीकरण, अद्यावधिक तथा नियमन सम्बन्धी कार्य एकद्वार | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार तथा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | २ वर्षभित्र र निरन्तर | एकीकृत सूचना प्रणालीको स्थापना भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | रूपमा गर्ने। | स्थानीय तह | कार्यालय/ सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | |
| 72. | कर राजस्व तिर्नका लागि एकद्वार प्रणालीको व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | कर तिर्न एकीकृत प्रणालीको विकास भएको हुने। |
| 73. | अन्तरप्रदेश परिषद् र अन्तरसरकारी वित्त परिषद् लगायतका अन्तरप्रदेश समन्वय समितिहरूलाई क्रियाशील गराउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ अर्थ मन्त्रालय/ सम्बन्धित मन्त्रालय/ प्रदेश सरकार | प्रदेश सरकार | निरन्तर | समन्वय संयन्त्रहरूको नियमित बैठक बसेको हुने। |
| 74. | स्थानीय तह र प्रदेश सरकारले साना तथा मझौला उद्योग व्यवसाय प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना तथा उत्पादनमा आधारित अनुदान र स्थानीय उत्पादनको उपभोग बढाउने। | सबै प्रदेश र स्थानीय तहहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | साना तथा मझौला उद्योग, रोजगारी र उत्पादकत्वमा वृद्धि भएको हुने। |
| 75. | उत्पादन वृद्धि र बजारीकरणलाई ध्यान दिई सडक लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अर्थ मन्त्रालय | निरन्तर | उत्पादन वृद्धि र बजारकेन्द्रित पूर्वाधार निर्माण भएको हुने। |
| 76. | संस्थागत र व्यक्तिगत घरबहाल कर स्थानीय तहमा मात्र बुझाउने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | घरबहाल करसम्बन्धी अन्यौलता समाधान भएको हुने। |
| 77. | स्थानीय तहले उठाउने राजस्व, योजना छनौट, खरिद प्रक्रिया तथा खर्च, प्रदत्त अधिकारको प्रयोग तथा दुरुपयोग लगायतको मूल्याङ्कन गर्ने प्रणालीलार्इ सशक्त बनाउन आवश्यक व्यवस्था मिलाउने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | १ वर्षभित्र | LISA/FRA जस्ता प्रणालीमा सुधार गरी कार्यान्वयन भएको हुने। |
| 78. | प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँटको हिस्सा पुनरावलोकन गर्ने। | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | अर्थ मन्त्रालय | १ वर्षभित्र | प्राकृतिक स्रोतको रोयल्टी वाँडफाँटमा परिमार्जन भएको हुने। |
| 79. | वित्तीय समानीकरण अनुदान बढाउँदै जाने र सशर्त अनुदान घटाउँदै जाने। | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग/ अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | २ वर्षभित्र | वित्तीय समानीकरण अनुदानको हिस्सा बढेको र |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | कार्यालय/सबै स्थानीय तहहरू | | सशर्त अनुदानको हिस्सा घटेको हुने। |
| 80. | विशिष्टीकृत आर्थिक क्षेत्र वा उत्पादनको पहिचान गरी वस्तु तथा सेवा उत्पादनमा प्रदेशलाई प्रोत्साहन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | प्रत्येक प्रदेशले आफ्नो विशिष्टीकृत आर्थिक क्षेत्र तथा उत्पादन पहिचान गरी सोही बमोजिमका कार्यक्रमहरू सञ्चालन गरेको हुने। |
| | **बैंकिङ्ग** | | | | |
| 81. | उच्च प्रतिफलयुक्त आयोजना विशेषको लागि पूर्वाधार बण्ड जारी गरेर लगानी गर्ने। | अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैंङ्क | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | पूर्वाधार बण्ड जारी भएको हुने। |
| 82. | नेपाल विद्युत् प्राधिकरणले जलविद्युत् आयोजनाको लागि ऊर्जा बण्ड जारी गरेर लगानी गर्ने। | नेपाल विद्युत् प्राधिकरण | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/अर्थ मन्त्रालय | १ वर्षभित्र | ऊर्जा बण्ड जारी भएको हुने। |
| 83. | कर्जा सूचना केन्द्रको क्षमता विकास र आवश्यक कानूनी प्रवन्धसहित व्यक्तिगत क्रेडिट स्कोरिङ निकाल्ने काम सुरु गर्ने। | अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैंङ्क/कर्जा सूचना केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | कर्जा सूचना केन्द्रको क्षमता विकास सहित व्यक्तिगत क्रेडिट स्कोरिङ सम्बन्धी काम सुरु भएको हुने। |
| 84. | सबै खालका बैंङ्क तथा वित्तीय संस्था र सहकारीहरूको एकीकृत कर्जा सूचना राख्ने। | निक्षेप तथा कर्जा सुरक्षण कोष | अर्थ मन्त्रालय/ नेपाल राष्ट्र बैंङ्क | १ वर्षभित्र | एकीकृत कर्जा सूचना प्रणाली स्थापना भई सञ्चालन भएको हुने। |
| 85. | उत्पादनमूलक उद्योग, साना तथा लघुउद्यम व्यवसाय र निर्यातकर्तालाई ३ देखि ५ वर्ष अवधिको स्थिर ब्याजदरमा कर्जा उपलब्ध गराउने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | ६ महिनाभित्र | उत्पादनमूलक लघुउद्यम तथा निर्यातकर्तालाई ३ देखि ५ वर्ष अविधको स्थिर ब्याजदरमा कर्जा उपलब्ध भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 86. | बैकिङ्ग क्षेत्र, निजी उद्यम व्यवसायी र सरकारको सहकार्यमा युवामा उद्यमशीलता विकास गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/सबै प्रदेश तथा स्थानीय तह | अर्थ मन्त्रालय | ६ महिनाभित्र तथा निरन्तर | युवामा उद्यमशीलता विकास भएको हुने। |
| 87. | विद्यालय पाठ्यक्रममा उद्यमशीलता एवम् वित्तीय शिक्षा समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/सबै स्थानीय तह | अर्थ मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ वर्षभित्र | विद्यालय पाठ्यक्रममा उद्यमशीलता र वित्तीय शिक्षा समावेश भएको हुने। |
| | **बिमा** | | | | |
| 88. | बिमा कम्पनीलाई लामो अवधिको वित्तीय साधन परिचालन गर्न उच्च प्रतिफल दिने पूर्वाधार आयोजनाका लागि पूर्वाधार वण्ड जारी गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | बिमा कम्पनी लक्षित पूर्वाधार बण्ड जारी भएको हुने। |
| 89. | शहरी क्षेत्रमा घर निर्माणको नक्शा सम्पन्न प्रमाणपत्र लिंदा अनिवार्य रूपमा घरको बिमा गर्ने व्यवस्था गर्ने। बिमा प्रिमियम तिरेको रकम कर योग्य सम्पत्तिको मूल्य निर्धारण गर्दा घटाउने व्यवस्था गर्ने। | शहरी विकास मन्त्रालय/अर्थ मन्त्रालय/ सबै स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | निर्माण सम्पन्न प्रमाणपत्र लिंदा अनिवार्य रूपमा घरको बिमा गर्नुपर्ने प्रावधान कार्यान्वयन भएको हुने। |
| | **पुँजीबजार** | | | | |
| 90. | पुँजीबजारसम्बन्धी जनचेतना जगाई पुँजीबजारबाट वित्तीय साधन परिचालन गरेर लगानी प्रर्वद्धन गर्ने। | नेपाल धितोपत्र बोर्ड | अर्थ मन्त्रालय | निरन्तर | जनचेतनाका क्रियाकलाप सञ्चालन गरी लगानी प्रबर्द्धन भएको हुने। |
| 91. | सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार हुने व्यवस्थालाई सहजीकरण गर्ने। | अर्थ मन्त्रालय/नेपाल धितोपत्र बोर्ड | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/<br>नेपाल राष्ट्र बैंङ्क | १ वर्षभित्र | सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार सहज भएको हुने। |
| 92. | धितोपत्र बोर्डको पुनर्संरचना गरी बोर्डमा राजस्व सचिव र डेपुटी गभर्नरले प्रतिनिधित्व गर्ने प्रावधान बनाउने। विज्ञ सदस्य थप्ने, निजी क्षेत्र र अन्य मन्त्रालय-निकायको प्रतिनिधित्व हटाउने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | बोर्डको पुनःसंरचना भएको हुने। |
| 93. | धितोपत्र कारोवारको लागि धितोपत्र व्यवसायी मार्फत मार्जिन कर्जा उपलब्ध हुने व्यवस्था गर्ने। | नेपाल राष्ट्र बैंङ्क/ नेपाल धितोपत्र बोर्ड | अर्थ मन्त्रालय | १ वर्षभित्र | धितोपत्र व्यावसायी मार्फत मार्जिन कर्जा उपलब्ध हुने व्यवस्था भएको हुने। |
| 94. | जलविद्युत् कम्पनीहरूलाई उत्पादन सुरु गरेपछि मात्र प्राथमिक सेयर निष्कासन गर्न सक्ने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय/ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | २ वर्षभित्र | जलविद्युत् उत्पादन सुरु भएपछि मात्र कम्पनीले |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय | कार्यालय | | प्राथमिक सेयर निष्कासन गर्ने व्यवस्था भएको हुने। |
| 95. | सरकारी संस्थानहरूमा सरकारले ऋण लगानी गर्नुको सट्टा ऋणपत्र जारी गरेर लगानीको लागि वित्तीय साधन परिचालन गर्ने व्यवस्था गर्ने। | सम्बन्धित मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्षभित्र | सार्वजनिक संस्थानको लगानिका लागि ऋणपत्र जारी गरी वित्तीय साधन परिचालन भएको हुने। |
| 96. | निजी क्षेत्रको सहभागिता र पुँजी वृद्धिका लागि नेपाल स्टक एक्सचेन्जको पुनःसंरचना गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | नेपाल स्टक एक्स्चेन्जको पुनःसंरचना गरी निजी क्षेत्रको सेयर सहभागिता भएको हुने। |
| 97. | नेपाल स्टक एक्सचेन्जका अतिरिक्त अन्य संस्थाको पनि सेयर सहभागितामा धितोपत्रको सुरक्षित डिपोजटरी सेवा दिने गरी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको पुनःसंरचना गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको पुनःसंरचना गरी अन्य संस्थाहरूलाई पनि धितोपत्रको सुरक्षित डिपोजटरी सेवा दिने व्यवस्था सुरू भएको हुने। |
| 98. | निजी क्षेत्रका उत्पादनमूलक कम्पनीहरूलाई पुँजी बजारबाट पुँजी परिचालन गर्न सहजता पुऱ्याउने गरी सेयर तथा वण्ड जारी गर्ने लागत घटाउने र प्रक्रिया सरलीकरण गर्ने। | नेपाल धितोपत्र बोर्ड | अर्थ मन्त्रालय | ६ महिनाभित्र | सेयर वा वण्ड जारी गर्ने लागत कम हुने तथा प्रक्रिया सरल भएको हुने। |
| 99. | प्रिमियम र बुक विल्डिङ प्रक्रियाबाट सेयर निष्कासनको लागि पारदर्शी विधि अवलम्बन गर्ने। | नेपाल धितोपत्र बोर्ड | अर्थ मन्त्रालय | ६ महिनाभित्र | सेयर निष्कासन विधि अवलम्बन भएको हुने। |
| | **सहकारी** | | | | |
| 100. | तत्कालको लागि तीनै तहका सरकारले नयाँ सहकारी संस्था र सञ्चालनमा रहेका सहकारीको शाखा खोल्न बन्द गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश तथा स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल | सहकारीको नयाँ शाखा खोल्ने इजाजत बन्द भएको हुने। |
| 101. | सहकारी विभागले देशभरका सहकारीको एकीकृत तथ्याङ्क व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाउने। | सहकारी विभाग | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | १ वर्षभित्र | सहकारीको एकीकृत तथ्याङ्क प्रणाली कार्यान्वयन भएको हुने। |
| 102. | एक भन्दा बढी शाखा खोली सञ्चालनमा रहेका सहकारीलाई हिसाब राफसाफ गरी शाखा बन्द गर्न लगाउने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश तथा स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | अतिरिक्त सहकारी शाखाहरू बन्द भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 103. | स्थानीयस्तरका सहकारीको नियमन र सुपरीवेक्षण गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने। | सहकारी विभाग | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ वर्षभित्र र निरन्तर | प्रशिक्षण तथा अभिमूखीकरण कार्यक्रम मार्फत स्थानीय तहको क्षमता विकास भएको हुने। |
| 104. | समस्याग्रस्त सहकारीहरूको हिसाब राफसाफ गर्न समस्याग्रस्त सहकारी समस्या समाधान समितिलाई पर्याप्त जनशक्तिको व्यवस्था गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | समितिमा पर्याप्त जनशक्ति उपलब्ध भएको हुने। |
| 105. | सहकारीलाई समस्याग्रस्त बनाउने सञ्चालकहरू र कर्जा अपचलन गर्ने व्यक्तिहरूको पासपोर्ट र सम्पति रोक्का राख्ने। | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | ६ महिनाभित्र | सम्बन्धित सहकारी सञ्चालकहरू तथा बचत अपचलन गर्ने व्यक्तिको पासपोर्ट तथा सम्पत्ति रोक्का भएको हुने। |
| 106. | बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्रभन्दा बढी हुन नदिने गरी कानूनी व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | कानूनमा सुधार भई कार्यान्वयन भएको हुने। |
| 107. | सहकारी संस्थाले कम्पनीलाई वा कुनै संगठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन पाउने व्यवस्था कार्यान्वयन गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | कानूनमा सुधार भई कार्यान्वयन भएको हुने। |
| 108. | बचत तथा ऋण सहकारी संस्थाहरूमा एकल कर्जा सीमाको कानूनी व्यवस्था गर्ने। तत्कालको लागि एकै व्यक्तिलाई एउटा वा एक भन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी संस्थाको कुल सेयर पुँजीको दश प्रतिशत भन्दा बढी हुन नदिने व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कानूनमा सुधार भई कार्यान्वयन भएको हुने। |
| 109. | बचत तथा ऋण सहकारी संस्थाले आफ्नो प्रयोगका लागि बाहेक बिक्री गर्ने प्रयोजनका लागि जग्गा खरिद गर्न निषेध गर्ने कानूनी व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कानूनमा सुधार भई कार्यान्वयन भएको हुने। |
| 110. | बचत तथा ऋण सहकारी संस्थाले घर-आवास नभएका सदस्यलाई आवास निर्माण गर्ने प्रयोजनका लागि निश्चित क्षेत्रफल सम्म (१००० वर्ग मिटरसम्म ) मात्र जग्गा खरिद गर्न ऋण दिन सक्ने व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कानूनमा सुधार भई कार्यान्वयन भएको हुने। |
| 111. | बचत तथा ऋण सहकारी संस्थाहरूले एकै उद्देश्य वा क्षेत्रमा कुल ऋण लगानीको २५ प्रतिशत भन्दा बढी गर्न नपाउने र कर्जा निक्षेप अनुपात | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | १ वर्षभित्र | कानूनमा सुधार भई कार्यान्वयन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | अधिकतम ८० प्रतिशतसम्म मात्र हुन सक्ने गरी नियामकीय व्यवस्था गर्ने। | | कार्यालय | | |
| | **वैकल्पिक वित्त** | | | | |
| 112. | विदेशी लगानीमा आएका प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटललाई द्विपक्षीय कर सम्झौताअनुरुप कर लाग्ने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | कानून तथा प्रकियामा सुधार भई कार्यान्वयन भएको हुने। |
| 113. | विदेशी लगानीमा आएका प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलले जलवायु कोषको रकम सहज रूपमा ल्याउन National Designated Authority ले सिफारिश/अनुमति दिने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | जलवायु कोषहरूको रकम परिचालन भएको हुने। |
| 114. | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले पनि केही हिस्सा प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी ती संस्थाहरूको लगानीसम्बन्धी कानूनी प्रावधानमा व्यवस्था गर्ने। बैंङ्कहरूको लागि पनि यस्ता कोषमा केही हिस्सा लगानी गर्न सक्ने गरी नियामकीय रूपमा सहज हुने व्यवस्था मिलाउने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | कानून तथा प्रकियामा सुधार भई कार्यान्वयन भएको हुने। |
| 115. | प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलहरूमा विदेशी लगानी थप आउने गरी विशिष्टीकृत लगानी कोषसम्बन्धी नियमावली संशोधन गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कानून संशोधन भएको हुने। |
| 116. | सीमित दायित्वको साझेदारी फर्मका रूपमा दर्ता हुनसक्ने विकल्प दिन सीमित दायित्व साझेदारी ऐन (एलएलपी) जारी गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | सीमित दायित्व ऐन जारी भएको हुने। |
| 117. | धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज र कम्पनी रजिस्ट्रार कार्यालयबीच प्रभावकारी समन्वय स्थापित गरी प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलहरूलाई लगानीको समयावधि सकिएपछि लगानीमा रहेको सेयर सहज ढङ्गले बिक्री गरी लगानी फिर्ता लैजान सक्ने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कानून तथा प्रकियामा सुधार भई कार्यान्वयन भएको हुने। |
| 118. | प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलहरूको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सार्वजनिक निष्कासन गरी बाँडफाँट भएको मितिले हालको एक वर्षबाट दुई वर्ष बनाउने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कानून तथा प्रकियामा सुधार भई कार्यान्वयन भएको हुने। |
| 119. | प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलको लागि विद्यमान कोष व्यवस्थापन शुल्क, दर्ता तथा निष्कासन शुल्क ५० प्रतिशतले घटाउने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | कानून तथा प्रकियामा सुधार भई कार्यान्वयन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 120. | विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐनमा विदेशबाट विशिष्टीकृत लगानी कोषमा गरिने लगानीलाई पनि विदेशी लगानीको मान्यता प्रदान गर्ने। | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | कानून तथा प्रकियामा सुधार भई कार्यान्वयन भएको हुने। |
| 121. | बैंङ्क तथा वित्तीय संस्था ऐन परिमार्जन गरेर Peer to Peer Lending गर्ने संस्थाहरूलाई अनुमति दिने व्यवस्था गर्ने । | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | कानून तथा प्रकियामा सुधार भई कार्यान्वयन भएको हुने। |
| 122. | धितोपत्र ऐनमा Equity Crowd funding को अनुमति दिन सक्ने गरी कानूनी व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | धितोपत्र ऐनमा ECF को अनुमति दिने प्रवधान भएको हुने। |
| 123. | डेरिभेटिभ बजारको विकासको लागि आवश्यक पूर्वाधार बनाउने। | धितोपत्र बोर्ड | अर्थ मन्त्रालय | १ वर्षभित्र | आवश्यक पूर्वाधार तयार भई डेरिभेटिभ बजार सञ्चालनमा आएको हुने। |
| | **व्यवसायिक तथा लगानीको वातावरण** | | | | |
| 124. | मूल्य नीतिमा निम्न सुधार गर्नेः<br>(क) अस्वस्थ बजार प्रतिस्पर्धा र उपभोक्ता हित संरक्षणसम्बन्धी प्रावधानहरू क्रमशः प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन र उपभोक्ता संरक्षण ऐनमा समावेश गर्ने ।<br>(ख) एकाधिकार हुन नदिई बजारमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी जुनसुकै व्यवसायले बिक्री गर्ने सेवा मुनाफाको अधिकतम प्रतिशत नतोक्ने।<br>(ग) निकुञ्ज, संरक्षित क्षेत्र, पर्वतारोहण जस्ता पर्यावरण संरक्षणको दृष्टिकोणले प्रवेश संख्या नियन्त्रण गर्नुपर्ने क्षेत्रमा लाग्ने प्रवेश शुल्कबाहेक सबै व्यावसायिक सेवा वा वस्तुको मूल्यमा राष्ट्रियता वा अन्य पहिचानका आधारमा मूल्य विभेद निषेध गर्ने।<br>(घ) वस्तु वा सेवाको उपभोक्ता मूल्यमा सबैले समानरूपमा पाउन सक्ने मूल्य वा परिमाणात्मक सहुलियत दिन पाउने तर बिक्री कारोबारसँग गाँसिएको चिट्ठा/उपहार दिन निषेध गर्ने ।<br>(ङ) व्यावसायिक एकाधिकार प्राप्त निकायले बिक्री गर्ने वस्तु | | प्रधानमन्त्री तथा | १ वर्षभित्र | व्यवस्था कार्यन्वयन भएको |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | वा सेवा, सार्वजनिक हितसँग गाँसिएका वस्तु वा सेवाहरू —विद्युत्, खानेपानी, औषधी, अत्यावश्यक वस्तु वा सेवा भनिएका सूचीकृत वस्तु वा सेवामा उपभोक्ता संरक्षण ऐनको दफा २१ मा उल्लेख भए बमोजिम मूल्य निर्धारणको मापदण्ड तोक्ने व्यवस्थालाई कार्यान्वयन गर्ने ।<br>(च) अत्यावश्यक वस्तु वा सेवाको मूल्य अस्वाभाविक रूपमा बढी राखिएको सूचना प्राप्त भएमा वा त्यस्तो शंका लागेमा मूल्य तय गर्दा लिएका आधार, लागत निर्धारण गर्न प्रयोग गरिएको विधि, खासगरी बहु-वस्तु उत्पादन वा बिक्री गर्ने व्यवसायले शिरोभार लागत बाँडफाँट गर्न लिएको आधार, प्रतिफल दरको औचित्य आदि विषय परीक्षण गर्ने अधिकार औषधी बाहेकका वस्तुमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई, औषधीको हकमा औषधी व्यवस्था विभागलाई, यातायात सेवाको हकमा यातायात व्यवस्था विभागलाई, हवाई सेवाको हकमा नागरिक उड्डयन प्राधिकरणलाई र अन्य वस्तु वा सेवाको हकमा सम्बन्धित नियामकीय निकायलाई दिने। | गृह मन्त्रालय/पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय,<br>अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सम्बन्धित मन्त्रालयहरू | मन्त्रिपरिषद्को कार्यालय | | हुने। |
| 125. | सबै किसिमका व्यवसाय, प्राइभेट फर्म, साझेदारी फर्म र कम्पनी एकै निकायमा दर्ता गर्ने एकल दर्ता निकाय कायम गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | कम्पनी रजिस्ट्रारको कार्यालयलाई एकल दर्ता निकायको रूपमा रूपान्तरण गरी कार्यन्वयन भएको हुने। |
| 126. | व्यवसाय तथा कम्पनी दर्ता, नवीकरण र अद्यावधिकसम्बन्धी सबै प्रक्रिया र आवश्यक कागजात बुझाउने काम अनलाईन मार्फत गर्ने व्यवस्था मिलाउने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ प्रदेश सरकार/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | व्यवसाय तथा कम्पनी दर्ता सम्बन्धी काम पूर्ण अनलाईन भएको हुने। |
| 127. | व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर एकै साथ उपलब्ध हुने व्यवस्था मिलाउने। | अर्थ मन्त्रालय. प्रदेश सरकार/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/<br>अर्थ मन्त्रालय | १ वर्षभित्र | एकैसाथ दुवै सेवा प्राप्त भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 128. | सबै प्रकृतिको व्यवसाय दर्ता गर्दा फर्मको स्वामित्व रहेका व्यक्तिको राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य रूपमा लिने। कम्पनीहरूको हकमा प्रवर्तकहरूको नम्बर प्रयोग गर्ने र कुनै खास परिचयपत्र नम्बरको स्वामित्वमा रहेका व्यवसायको संख्यासमेत पहिचान हुनसक्ने प्रणाली विकास गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | व्यवसाय दर्ता प्रणालीमा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने व्यवस्था गरी कार्यान्वयन भएको हुने। |
| 129. | व्यवसाय दर्ता भई प्रधान कार्यालय रहेको स्थानीय तहलाई त्यस्तो व्यवसायको विवरणमा अनलाईन पहुँच दिने। | कम्पनी रजिस्ट्रारको कार्यालय/वाणिज्य तथा उपभोक्ता संरक्षण विभाग | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ स्थानीय तह | १ वर्षभित्र | व्यवसाय दर्ता प्रणालीमा स्थानीय तहको समेत पहुँच स्थापित भएको हुने। |
| 130. | सबै किसिमका व्यवसाय दर्ता निःशुल्क गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/प्रदेश सरकार/ स्थानीय तह | अर्थ मन्त्रालय | १ वर्षभित्र | व्यवसाय दर्ता निःशुल्क भएको हुने। |
| 131. | आन्तरिक राजस्व कार्यालयको सूचना प्रणालीबाट कम्पनी रजिस्ट्रार कार्यालयको कम्पनी दर्ता प्रणालीमा कर चुक्ताको विवरण स्वचालितरूपमा जाने गरी प्रणालीबीच सम्बन्ध स्थापित गर्ने। | कम्पनी रजिस्ट्रारको कार्यालय/ आन्तरिक राजस्व विभाग | अर्थ मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६ महिनाभित्र | करचुक्ताको विवरण स्वचालित रूपमा जाने व्यवस्था भएको हुने। |
| 132. | व्यवसाय नवीकरण गर्नुपर्ने व्यवस्था हटाउने। आयकर दाखिला गरिरहेको छ भने व्यवसाय चलिरहेको छ भन्ने जानकारी स्वतः हुने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय /उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/श्रम, ररोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | व्यवसाय नवीकरण गर्नुपर्ने व्यवस्था हटेको हुने। |
| 133. | भन्सारबाट छुटेको मालवाहक साधन गन्तव्यसम्म पुगे नपुगेको अनुगमन गर्ने अनलाईन प्रणाली आन्तरिक राजस्व विभागले सञ्चालन गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | प्रणाली तयार भई आन्तरिक राजस्व विभागले सञ्चालन तथा अनुगमन गरेको हुने। |
| 134. | निगरानी गर्नु पर्ने ठानिएका मालवाहक सवारी साधन गन्तव्यमा पुगेपछि मात्र अधिकार प्राप्त निकायले जाँचपडताल गर्ने, राजमार्गका ठाउँ ठाउँमा मालवाहक सवारीसाधन रोकेर जाँच गर्न बन्द गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>अर्थ मन्त्रालय | तत्काल | मालवाहक सवारी साधन गन्तव्यमा पुगेपछि मात्र जाँच गर्ने व्यवस्था गरी कार्यान्वयन भएको हुने। |
| 135. | निर्यात गर्ने वस्तु ढुवानी गरेका मालवाहक सवारी साधनलाई भन्सार बिन्दुमा नपुगी रोक्ने र खानतलासी गर्ने प्रचलनलाई बन्द गर्ने। | गृह मन्त्रालय/राजस्व अनुसन्धान विभाग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/<br>अर्थ मन्त्रालय | तत्काल | निर्यात गर्ने वस्तु ढुवानी गरेका माहवाहकलाई भन्सार बिन्दुमा नपुगी खानतलासी गर्ने कार्य रोकिएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 136. | नेपाली नागरिक वा संगठित संस्थाले विदेशमा लगानी गर्न खुला गर्ने सम्बन्धमा निम्नानुसार सुधार गर्ने:<br>(क) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ खारेज गर्ने र विदेशमा लगानी गर्न पाइने क्षेत्रहरू, लगानीको सीमा, स्वीकृतिको विधि, नियमन गर्ने विधि आदि स्पष्ट पारिएको "विदेशमा गरिने लगानी नियमन गर्ने ऐन" जारी गर्ने।<br>(ख) नेपालमा सञ्चालन गरेको व्यवसायको वृद्धिमा सहयोग पुग्ने, अन्तर्राष्ट्रिय सञ्जालको लाभ प्राप्त हुन सक्ने, निर्यात विस्तारको आधार तयार हुन सक्ने, उद्योगको क्षमता विस्तारका लागि आवश्यक नवीन प्रविधिमा पहुँच विस्तार गर्न सकिने, अत्यावश्यक कच्चा पदार्थ वा यन्त्र उपकरणको नियमित भरपर्दो स्रोत निर्माण गर्न सकिने, नेपाली दक्ष जनशक्तिको उपयोग गर्न सकिने व्यावसायिक गतिविधिमा विदेशी लगानी खुला गर्न निम्नानुसार गर्ने:<br>(१) वस्तु वा सेवा निर्यात गर्ने फर्म वा कम्पनीले एक आर्थिक वर्षमा पछिल्लो तीन वर्षमा आर्जन गरेको सरदर वार्षिक निर्यात आम्दानीको २५ प्रतिशतसम्म विदेशमा बिक्री शाखा खोल्न वा अर्धप्रशोधित सामग्री निर्यात गरी गन्तव्य मुलुकमा अन्तिम प्रशोधन गरी बिक्री गर्ने कारखाना खोल्न विदेशमा लगानी गर्न अनुमति दिने।<br>(२) नेपालमा सञ्चालनमा रहेका तारे स्तरका होटेल र पर्यटन सेवासम्बन्धी काम गर्ने कम्पनीलाई लगानी प्रस्तावको मूल्याङ्कन गरी कम्पनीको चुक्ता पुँजीको पचास प्रतिशतसम्म विदेशमा लगानी गर्न दिने।<br>(ग) निर्माण व्यवसायीहरूले विदेशको निर्माण ठेक्कामा भाग लिन आवश्यक बिड बन्डको रकम भुक्तानी गर्न र ठेक्का पाएको खण्डमा ठेक्का बापतको जमानत (पर्फर्मेन्स बोन्ड) र काम सुरु गर्नका लागि आवश्यक पर्ने बैंङ्क जमानत दिने।<br>(घ) करमुक्त मुलुकहरू र लगानीको प्रतिफल, सम्पत्ति बिक्रीको रकम वा लगानी फिर्ता सहज तरिकाले गर्न नदिने मुलुकमा विदेशी लगानी गर्न स्वीकृति नदिने।<br>(ङ) नेपाली नागरिक, फर्म वा कम्पनीले विदेशी लगानी गर्न स्वीकृति पाएका मुलुकहरूसँग दोहोरो करमुक्ति सम्झौता र द्विपक्षीय लगानी सम्झौता गर्ने। | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | (च) लगानी बोर्डलाई विदेशमा लगानी गर्न स्वीकृति दिने निकायको रूपमा विकास गर्ने र स्वीकृति पाएका फर्म तथा कम्पनीहरूले गरेको लगानीको अनुगमन गर्ने जिम्मेवारी दिने।<br>(छ) विदेशमा लगानी गर्न र लगानी गर्न पाउने रकम तथा लगानी विधिको स्वीकृति दिन नेपाल राष्ट्र बैंङ्कका गभर्नरको संयोजकत्वमा सम्बन्धित निकायका प्रतिनिधि रहेको समिति गठन गर्ने।<br>(ज) हालसम्म विभिन्न स्रोत प्रयोग गरी विदेशमा कम्पनी वा फर्म स्थापना गरेका वा विदेशी कम्पनीको सेयर पुँजीमा लगानी गरेका नेपाली नागरिकहरूलाई स्वयम् घोषणा गर्न लगाई त्यस्तो लगानीलाई लगानी बोर्डमा सूचीकृत गर्ने व्यवस्था गर्ने।<br>(झ) नेपाली नागरिकले नेपालमै बसी कुनै विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा अन्य कुनै सेवा उपलब्ध गराए बापत कुनै विदेशी मुद्रा भुक्तानी नहुने गरी स्वेट सेयर लिन पाउने कानूनी व्यवस्था गर्ने।<br>(ञ) विदेशमा लगानी गर्न स्वीकृति पाएको फर्म वा कम्पनीले विदेशमा गरेको लगानीबाट गरेको कारोबार, वित्तीय अवस्था र लगानीसँग सम्बन्धित अन्य विवरण प्रत्येक वर्ष निर्धारित ढाँचामा लगानी बोर्डमा दिनु पर्ने व्यवस्था गर्ने।<br>(ट) विदेशमा लगानी गर्न स्वीकृति पाएको नेपाली नागरिक, फर्म वा कम्पनीले प्रत्येक वर्ष त्यस्तो लगानीमा आर्जन गरेको प्रतिफलको ५० प्रतिशत अनिवार्य रूपमा नेपाल फिर्ता गर्नु पर्ने व्यवस्था गर्ने। विदेशमा लगानी गर्दा पाएको परामर्श फी, रोयल्टी, प्राविधिक शुल्क शत प्रतिशत नेपाल फिर्ता गर्नु पर्ने व्यवस्था गर्ने।<br>(ठ) कुनै नेपाली नागरिक, फर्म वा कम्पनीले एक्लै वा एक भन्दा बढी नेपाली नागरिक फर्म वा कम्पनीले कुनै विदेशी कम्पनीको चुक्ता पुँजीमा ५० प्रतिशतभन्दा बढी हक कायम गरेको भए त्यस्तो कम्पनीलाई नेपालको कम्पनी ऐनका प्रावधान लागू हुने कुरा कम्पनी ऐनमा प्रबन्ध गर्ने।<br>(ड) विदेशमा लगानी गर्न स्वीकृति पाएको नेपाली नागरिक, फर्म वा कम्पनीले लगानीको दुरुपयोग गरेको पाइएमा सम्पत्ति शुद्धीकरण गरेको मानी कारबाही हुने कानूनी प्रबन्ध गर्ने। | अर्थ मन्त्रालय/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ नेपाल राष्ट्र बैंङ्क | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | कानून संशोधन भई व्यवस्था कार्यान्वयन भएको हुने। |
| 137. | पब्लिक कम्पनीको रूपमा स्थापना भई नेपालको धितोपत्र बजारमा | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | सूचिकृत कम्पनीलाई अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार गर्न निम्न अनुसार सुधार गर्ने:<br>(क) कम्पनी ऐनमा संशोधन गरी नेपालको धितोपत्र बजारमा सूचिकृत भएका कम्पनीहरूले तोकिएको प्रक्रिया पूरा गरी विदेशी धितोपत्र बजारमा सूचिकृत हुने गरी ग्लोबल डिपोजिटरी रिसिट जारी गर्न सक्ने व्यवस्था गर्ने।<br>(ख)नेपाल राष्ट्र बैंङ्क र धितोपत्र बोर्डले ग्लोबल डिपोजिटरी रिसिट जारी गर्ने कार्यविधी तर्जुमा गरी लागू गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/नेपाल राष्ट्र बैंङ्क | प्रधानमन्त्री तथा मन्त्रिपरिपषद्को कार्यालय/ अर्थ मन्त्रालय | १ वर्षभित्र | कानूनमा संशोधन भई कार्यान्वयन भएको हुने। |
| 138. | निम्न विशेषता भएको रिमोट वर्क नीति जारी गर्ने:<br>(क) श्रम ऐनमा रोजगारीको प्रकारको कानूनी वर्गीकरणमा रिमोट वर्कर थप गर्ने,<br>(ख) रिमोट वर्करको रूपमा श्रम कार्यालयमा अनलाईन दर्ता हुन सक्ने व्यवस्था गर्ने।<br>(ग) नेपाली नागरिक र गैरआवासीय नेपालीले नेपालमा बसेर विदेशी कम्पनीको रिमोट वर्करको रूपमा काम गर्न पाउने कानूनी व्यवस्था गर्ने।<br>(घ) विदेशी कम्पनीको नियमित रोजगारीमा रही रिमोट वर्क गरेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले परिवर्त्य मुद्रामा वाणिज्य बैंङ्कमा खाता खोल्न र त्यस्तो खातामा विदेशबाट रकम प्राप्त गर्न सक्ने व्यवस्था गर्ने।<br>(ङ) रिमोट वर्करले नेपालको सामाजिक सुरक्षा कोषमा योगदान गरी सहभागी हुन सक्ने व्यवस्था गर्ने।<br>(च) वैदेशिक रोजगारदाताले रिमोट वर्करको निवृत्तभरण वा अवकास-सुरक्षाका लागि गर्ने मासिक योगदान नेपालको सामाजिक सुरक्षा कोषमा जम्मा गर्न सक्ने व्यवस्था गर्ने।<br>(छ) रिमोट वर्करका रूपमा विदेशको कम्पनीको नियमित रोजगारीमा रहेर प्राप्त गरेको तलव सुविधामा एकमुष्ट वार्षिक ५ प्रतिशत आयकर लगाउने।<br>(ज) विदेशी राहदानीबाहक गैरआवासीय नेपालीले रिमोट वर्करका रूपमा दर्ता हुन सक्ने व्यवस्था गर्ने।<br>(झ) विदेशी राहदानीबाहक गैरआवासीय नेपालीले रिमोट वर्करको रूपमा काम गर्दा आर्जन गरेको विदेशी मुद्रा मध्ये बचत भएको रकम विदेश पठाउन पूर्व स्वीकृति नचाहिने व्यवस्था मिलाउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय/अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिपषद्को कार्यालय | १ वर्षभित्र | रिमोर्ट वर्क नीति जारी भई कार्यान्वयन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | (ञ) रिमोट वर्कमा नियमित कामदार राख्न चाहने विदेशी कम्पनीहरूले कामदारसँग गर्ने करारको ढाँचा र आर्थिक तथा गैरआर्थिक सुविधाहरू तोक्ने। | | | | |
| 139. | निम्न विशेषता भएको डिजिटल घुमन्ते (डिजिटल नोम्याड) सम्बन्धी नीति जारी गर्ने:<br>(क) मासिक १,५०० अमेरिकी डलर भन्दा बढी आम्दानी भएको वा २० हजार अमेरिकी डलरभन्दा बढी बैंङ्क मौज्दातको प्रमाण र नेपालका अस्पतालमा गराएको उपचारको भुक्तानी हुनसक्ने एक लाख अमेरिकी डलर बराबरको स्वास्थ्य बिमा गराएको प्रमाणको आधारमा एक पटकमा पाँच वर्ष म्याद भएको बहु-प्रवेश डिजिटल घुमन्ते प्रवेशाज्ञा जारी गर्ने व्यवस्था मिलाउने। यस्तो प्रवेशाज्ञा-वाहकको पति वा पत्नीलाई पनि प्रवेशाज्ञा प्रदान गर्ने।<br>(ख) डिजिटल घुमन्ते भिसावाहकलाई एकपटकमा अधिकतम एक वर्षको मात्र आवासीय स्वीकृती दिने।<br>(ग) डिजिटल घुमन्ते प्रवेशाज्ञा बाहकलाई नेपालको वाणिज्य बैंङ्कमा परिवर्त्य मुद्राको खाता खोल्न दिने। त्यस्तो खातामा बचत रहेको रकम ५० हजार डलर भन्दा बढी भएमा बढी भए जतिको रकम जुनसुकै बेला पनि विदेशको बैंङ्कमा ट्रान्सफर गर्न दिने। ५ वर्षको भिसा अवधि सकिए पछि भिसा नवीकरण नगराएमा बैंङ्कमा मौज्दात बाँकी रहेको पुरै रकम लैजान दिने।<br>(घ) डिजिटल घुमन्तेले नेपालमा बसी काम गरेर आर्जन गरेको वैदेशिक आयमा यदि १८३ दिन वा सो भन्दा बढी नेपालमा निरन्तर बसेको हो भने एकमुस्ट ५ प्रतिशत आयकर लगाउने।<br>(ङ) डिजिटल घुमन्ते भिसाबाहकलाई सवारीसाधन आफ्नै नाममा खरिद गरेर दर्ता गर्न दिने र स्थायी आवास भएको मुलुकले जारी गरेको सवारी चालक प्रमाणपत्रलाई मान्यता दिने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय/ गृह मन्त्रालय/सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | डिजिटल घुमन्ते सम्बन्धी नीति जारी भएको हुने |
| 140. | रिमोट वर्क तथा डिजिटल घुमन्तेलाई अनुकुल हुने गरी इन्टरनेट सञ्जाल विकास, सुविधासम्पन्न को-वर्किंग कार्यस्थल र अन्य भौतिक पूर्वाधार विकासमा लगानी गर्ने र निजी क्षेत्रलाई लगानीका लागि उत्प्रेरित गर्ने। | नेपाल पर्यटन बोर्ड/नेपाल दुरसञ्चार प्राधिकरण | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय/सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १ वर्षभित्र | को वर्किङ् कार्यस्थल र इन्टरनेट पूर्वाधार विकास भएको हुने। |
| 141. | उत्पादनशील उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि सम्बन्धी बजार | राष्ट्रिय योजना आयोग | उद्योग, वाणिज्य तथा | १ वर्षभित्र | संस्थागत संयन्त्र तयार भई |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | सूचना सङ्ग्रह गर्ने, विश्लेषण गर्ने, अनुसन्धान गर्ने र नियमित सूचना सम्प्रेषण गर्ने संस्थागत संयन्त्र विकास गर्ने। | | आपूर्ति मन्त्रालय | | क्षमता विकास भएको हुने। |
| 142. | बजार अनुसन्धान र विश्लेषणका लागि विश्वविद्यालयहरूका अनुसन्धान निकायहरूको क्षमता वृद्धि गर्ने र त्यसका लागि सरकारी वित्तीय अनुदान प्रदान गर्ने। | विश्वविद्यालयहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १ वर्षभित्र | अनुसन्धान निकायको क्षमता विकासका लागि अनुदान प्रदान गर्ने कार्यको सुरूवात भएको हुने। |
| 143. | अत्याधिक आपूर्ति गर्ने उद्योगहरूमा लगानी निरुत्साहित गर्न समय समयमा रेड फ्ल्यागिङ (Red Flagging) गर्ने। बैंङ्क तथा वित्तीय संस्थाहरूलाई रेड फ्ल्यागिङ भएका क्षेत्रहरूमा ऋण लगानी गर्न निरुत्साहित गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | १ वर्षभित्र | रेड फ्ल्यागङ प्रणाली कार्यन्वयनमा आई त्यस्ता उद्योगमा ऋण लगानी निरूत्साहित भएको हुने। |
| 144. | कम्तीमा ६० प्रतिशत कर्जा उत्पादनशील क्षेत्रमा प्रवाह हुने नीति लिने र सूचना प्रविधि, नवीकरणीय ऊर्जा विकास, वनस्रोतमा आधारित उद्योगका क्षेत्रमा बैंकिङ्ग क्षेत्रबाट कर्जा प्रवाह गर्न प्रोत्साहित गर्ने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | १ वर्षभित्र | नीति तर्जुमा भई कार्यान्वयन भएको हुने। |
| 145. | उत्पादनशील कर्जामा लगाउने ब्याजदर उपभोग कर्जामा लगाइने ब्याजदर भन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम गर्ने नीति लिने। | नेपाल राष्ट्र बैंङ्क | अर्थ मन्त्रालय | ६ महिनाभित्र | उपभोग भन्दा उत्पादनशील कर्जाको ब्याजदर कम्तीमा १% बिन्दुले कम भएको हुने। |
| 146. | उत्पादनशील उद्योग र ठूला व्यावसायिक पूर्वाधार आयोजनालाई दीर्घकालीन ऋण उपकरण जारी गर्न सहज हुने कानूनी प्रबन्ध गर्ने र यस्ता ऋणपत्रको प्रत्याभूति (अन्डरराइटिंग) गर्ने संस्थाको विकास गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | संस्थागत संयन्त्रको विकास भई कार्यान्वयन भएको हुने। |
| 147. | सूचना प्रविधिमा आधारित सेवा, सूचना प्रविधिका लागि आवश्यक यन्त्र-उपकरण उत्पादन, कृषि, वन र खानीमा आधारित उद्योग, जलविद्युत्, नवीकरणीय ऊर्जा, पर्यटन उद्योगमा लगानीका नयाँ अवसर सिर्जना गर्न आधारभूत पूर्वाधार निर्माणमा सार्वजनिक लगानी बढाउने। | सम्बन्धित मन्त्रालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | लगानीका अवसर सिर्जना गर्न आधारभूत पूर्वाधार निर्माण भएको हुने। |
| | **कृषि** | | | | |
| 148. | हिमाली, पहाडी, चुरे र तराई क्षेत्रका लागि भुउपयोग योजना तयार गरी सो अनुरूप जमिनको वर्गीकरण तथा जोनिङ गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालय | १ वर्षभित्र र निरन्तर | भूउपयोग योजना तयार गरी कार्यान्वयन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 149. | कोल्ड स्टोरेज सुविधा, ग्रेडिङ र सङ्कलन केन्द्र, कृषि सडक, कृषि बजार पूर्वाधारको विकासमा लगानी वृद्धि गर्दै ग्रामीण सडक सञ्जाल र यातायात पूर्वाधारमा सुधार गरी बजारमा कृषि उत्पादनको ढुवानीलाई सहज बनाउने एवम् उत्पादन र ढुवानी कुशलतापूर्वक गर्न ग्रामीण सङ्कलन केन्द्रहरू स्थापना र सञ्चालन गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/ प्रदेश सरकार/ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | कृषि पूर्वाधारहरूको निर्माण भएको हुने। |
| 150. | कृषि उपजको सङ्कलन, भण्डारण तथा बिक्री/वितरण सहज बनाउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मार्फत प्रत्येक प्रदेश राजधानी र उत्पादन सघनताका आधारमा अन्य स्थानमा गोदाम घर र बिक्री कक्ष निर्माण गर्ने। | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ प्रदेश सरकार/स्थानीय तह | १ वर्षभित्र र निरन्तर | गोदामघर तथा बिक्रीकक्ष स्थापना भई सञ्चालनमा आएको हुने। |
| 151. | आवश्यकता अनुसार स्थानीय तहले स्थानीय खाद्यान्न बैंङ्क सञ्चालन गरी कृषि उपज भण्डारणको व्यवस्था मिलाउने। | स्थानीय तह | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/कृषि तथा पशुपक्षी विकास मन्त्रालय/ | १ वर्षभित्र र निरन्तर | खाद्यान्न बैंङ्क तथा कृषि उपज भण्डार केन्द्रको निर्माण भई सञ्चालनमा आएका हुने। |
| 152. | सिँचाइको उच्च संभावना भएको स्थानमा सतह सिँचाइ प्रणाली विस्तार गर्दै पानी सञ्चयका लागि पूनर्भरण पोखरी र ताल निर्माण गर्ने र अन्तर जलाशय स्थानान्तरण योजना अघि बढाउने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/ प्रदेश सरकार/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | सिँचाइ प्रणाली विकास भएको हुने। |
| 153. | थोपा सिँचाइ, स्प्रिङ्कल-सिँचाइ प्रवर्द्धनका लागि किसानलाई अनुदान प्रदान गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/प्रदेश सरकार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ अर्थ मन्त्रालय | १ वर्षभित्र र निरन्तर | सिँचाइका लागि किसानलाई अनुदान प्रदान भएको हुने। |
| 154. | सिँचाइ प्रणालीको नियमित मर्मत सम्भार गरी सिँचाइ प्रणालीको दिगोपना सुनिश्चित गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/प्रदेश सरकार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | सिँचाइ प्रणालीको दिगोपना सुनिश्चित भएको हुने। |
| 155. | प्रमुख कृषि बालीहरू जस्तैः धान, मकै, गहुँ, चिया र अलैँचीको लागतका आधारमा प्रत्येक वर्ष सो बाली लगाउने सामान्य समयको कम्तीमा पन्ध्र दिन पहिले राष्ट्रिय समर्थन मूल्य तोक्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | समर्थन मूल्य तोकिएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | |
| 156. | कृषकलाई मूल्य स्थिर गर्न र आफ्नो कृषि उपजको मूल्य सुनिश्चितता प्रदान गर्न करार खेती र बाली लगाउनुपूर्व बजारको माग अनुरूप करारको प्रवर्द्धन गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ वर्षभित्र | कानूनी तथा संस्थागत व्यवस्था भएको हुने। |
| 157. | किसानहरूको मोलतोल गर्ने क्षमतालाई बलियो बनाउन प्रमुख बजार केन्द्रहरूमा किसान सहकारी र स्थानीय तहको सहकार्यमा बिक्री केन्द्र स्थापना गर्ने। बजार सम्बन्धी सूचना र जानकारीमा पहुँच पुऱ्याउन मोबाइल एप्स, एसएमएस र अन्य माध्यमबाट किसानलाई मूल्य, माग र आपूर्तिको तथ्याङ्क उपलब्ध गराउने सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/प्रदेश सरकार/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | बिक्री केन्द्र स्थापना भई प्रविधिको उपयोग समेत भएको हुने। |
| 158. | कृषि बजार नियमन ऐन जारी गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २ वर्षभित्र | कृषि बजार नियमन ऐन जारी भएको हुने। |
| 159. | कृषि उपजको खरिद बिक्रीमा संलग्न मध्यस्थकर्ताहरूको नियमन गर्न दर्ता गर्नु पर्ने कानूनी व्यवस्था गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २ वर्षभित्र | मध्यस्थकर्ता नियमन भएका हुने। |
| 160. | निर्वाहमुखी र साना किसान तथा सीमान्तकृत समुदायका किसानहरूलाई वित्तीय साधनमा पहुँच अभिवृद्धि गर्न बैंङ्क तथा वित्तीय संस्थाले कृषकका सहकारीलाई थोक कर्जा उपलब्ध गराउने र सहकारी मार्फत किसानलाई कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १ वर्षभित्र | किसानलाई सहज रूपमा कर्जा प्रवाह भएको हुने। |
| 161. | किसानलाई क्रेडिट कार्ड जारी गर्ने र त्यसबाट कर्जा लिनसक्ने व्यवस्था मिलाउने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/ प्रदेश सरकार/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ नेपाल राष्ट्र बैंङ्क | १ वर्षभित्र | किसान क्रेडिट कार्ड कार्यन्वयन भएको हुने। |
| 162. | किसानलाई आफ्नो उत्पादन गोदाम घर वा भण्डार गृहमा राखेपछि सम्बन्धित सञ्चालकबाट जारी हुने निस्सा (गोदाम रसिद) को आधारमा वित्तीय क्षेत्रबाट कर्जा प्रवाह हुने व्यवस्था मिलाउने। | नेपाल राष्ट्र बैंङ्क / प्रदेश सरकार/स्थानीय तह | अर्थ मन्त्रालय/ कृषि तथा पशुपक्षी विकास मन्त्रालय | १ वर्षभित्र | किसानलाई गोदाम रसिदको आधारमा कर्जा प्रवाह भएको हुने। |
| 163. | कृषि विकास बैंङ्कलाई कृषि क्षेत्रमा लगानी गर्ने विशिष्टीकृत संस्थाको रूपमा सञ्चालन गर्ने। | अर्थ मन्त्रालय/नेपाल राष्ट्र वैंक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र र निरन्तर | कृषि विकास वैंक विशिष्टीकृत संस्थाको रूपमा सञ्चालन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 164. | सरकारबाट किसानहरूलाई प्रदान गर्ने अनुदानलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राज्य सुविधा परिचय पत्रको प्रयोग गर्ने।यसरी प्रदान गरिएको राज्य सुविधा परिचय पत्रलाई राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी दोहोरो नपर्ने व्यवस्था गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/गृह मन्त्रालय | १ वर्षभित्र र निरन्तर | राज्य सुविधा परिचयपत्रको प्रयोग भएको हुने। |
| 165. | राज्य सुविधा परिचय पत्रका आधारमा मल, बीउ, कर्जा तथा अन्य सुविधा प्रदान गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय<br>स्थानीय तहहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | १ वर्षभित्र | राज्य सुविधा परिचय पत्रको उपयोग भएको हुने। |
| 166. | कृषि अनुदानलाई उत्पादन र कार्यसम्पादनका आधारमा दिने व्यवस्था गर्दै एकद्बार प्रणाली मार्फत स्थानीय तहबाट मात्र प्रदान गर्ने व्यवस्था मिलाउने। | अर्थ मन्त्रालय/स्थानीय तह | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | १ वर्षभित्र र निरन्तर | कृषि अनुदान उत्पादन र कार्यसम्पादनका आधारमा प्रदान गर्ने व्यस्था भएको हुने। |
| 167. | कृषकहरूलाई ब्याजदरमा सहुलियत प्रदान गर्न संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक स्थानीय तहमा कृषक कल्याणकारी कोष स्थापना गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/प्रदेश सरकार/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/अर्थ मन्त्रालय | ३ वर्षभित्र र निरन्तर | कृषक कल्याणकारी कोष स्थापना भई सञ्चालनमा आएको हुने। |
| 168. | बाँझो कृषि जमिन उपयोग गर्न भूमि ऐनमा व्यवस्था भए बमोजिम भूमि बैंङ्कको अवधारणा कार्यान्वयनमा ल्याई जग्गा बाँझो राख्ने प्रवृत्ति न्यून गर्न बाँझो जग्गामा अतिरिक्त कर लगाउने कानूनी व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/अर्थ मन्त्रालय/<br>स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | बाँझो जमिनको प्रभावकारी उपयोग भएको हुने। |
| 169. | निर्यातजन्य कृषि उपजको गुणस्तर नियन्त्रणका लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | मापदण्ड तयार भई आवश्यक व्यवस्थापन भएको हुने। |
| 170. | निर्यातजन्य कृषि उपजको उत्पादनमा संलग्न कृषकहरूको क्षमता अभिवृद्धि गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/ प्रदेश सरकार/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने। |
| 171. | सेनेटरी र फाइटोसेनेटरी मापदण्ड र बजार पहुँच सम्बन्धी जानकारी प्रदान गर्न कृषकलाई गुणस्तर नियन्त्रण र फसल पछि ह्यान्डलिङ अभ्याससम्बन्धी तालिम प्रदान गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/ प्रदेश सरकार/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | तालिम सञ्चालन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 172. | निर्यातजन्य बालीको सघनताका आधारमा गुणस्तर प्रयोगशाला र प्रशोधन केन्द्र स्थापना गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | १ वर्षभित्र | प्रयोगशाला तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन भएको हुने। |
| 173. | कृषि क्षेत्रमा वैदेशिक लगानी खुला गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ कृषि तथा पशुपक्षी विकास मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्षभित्र | कृषिमा वैदेशिक लगानी खुला भएको हुने। |
| 174. | कृषि उपजको अन्तर्राष्ट्रिय बजारमा पहुँच स्थापित गर्न आवश्यक जैविक प्रमाण पत्र जारी गर्ने संस्थागत प्रबन्ध गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | संस्थागत प्रवन्ध भई जैविक प्रमाणपत्र जारी भएको हुने। |
| 175. | अन्तर्राष्ट्रिय मानदण्ड अनुरूपको नेपाल प्रत्यायन केन्द्र स्थापना गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालयत्र | १ वर्षभित्र | नेपाल प्रत्यायन केन्द्र स्थापना भई सञ्चालन भएको हुने। |
| 176. | चिया, अलैँची, अदुवा, सुन्तला, अकबरे खुर्सानी जस्ता उच्च निर्यात सम्भावनायुक्त कृषि उपजहरूको भौगोलिक पहिचान (Geographical Indication) सम्बन्धी GI प्रमाणपत्र जारी गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | २ वर्षभित्र | कृषि उपजको भौगोलिक पहिचासम्बन्धी GI प्रमाणपत्र जारी भएको हुने। |
| 177. | प्रमुख भन्सार बिन्दुहरूमा प्रयोगशालाहरूको स्तरोन्नति गर्ने । भन्सार बिन्दु र अन्तर्राष्ट्रिय तथा प्रमुख आन्तरिक बिमानस्थलमा स्यानिटरी र फाइटोस्यानिटरी मापदण्ड पालना हुने गरी शीतभण्डार स्थापना तथा ढुवानीका लागि डेडिकेटेड कोरिडर विकास गर्ने। | अर्थ मन्त्रालय/कृषि तथा पशुपक्षी विकास मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १ वर्षभित्र र निरन्तर | प्रयोगशालाको स्तरोन्नति भएको हुने एवम् डेडिकेटेड करिडोर स्थापना भएको हुने। |
| 178. | आयात हुने कृषि उपजको भन्सार महसुल वृद्धि गर्ने। कृषि वस्तुको आयात अनुमतिपत्र जारी गर्ने व्यवस्थामा गैरभन्सार उपाय (non-tariff measures) अवलम्बन गर्ने। | अर्थ मन्त्रालय/ कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | भन्सार महसुल वृद्धि भएको हुने।<br>कृषि उपजको गुणस्तर मापदण्ड जारी भएको हुने। |
| 179. | कृषिजन्य, वनस्पतिजन्य तथा पशुजन्य वस्तुको आयात अनुज्ञापत्र र कृषि उपजको गुणस्तर मापदण्ड जारी गर्ने। | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग/प्लान्ट क्वारेन्टाइन/वनस्पती विभाग/पशुसेवा विभाग | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/वन तथा वातावरण मन्त्रालय | १ वर्षभित्र र निरन्तर | आयात अनुज्ञापत्र र गुणस्तर मापदण्ड जारी भएको हुने। |
| 180. | प्रयोगशाला रहेका ठूला भन्सार बिन्दुबाट मात्र कृषि उपजको आयात | अर्थ मन्त्रालय | कृषि तथा पशुपक्षी | १ वर्षभित्र र | प्रयोगशाला रहेका ठूला |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | गर्न पाउने व्यवस्था गर्ने । | | विकास मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | भन्सार बिन्दुबाट मात्र कृषि उपजको आयात भएको हुने। |
| 181. | कृषि अनुसन्धान परिषदको पुनर्संरचना गरी सरकारको कृषि अनुसन्धान विभागको रूपमा स्थापना गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | १ वर्षभित्र | कृषि अनुसन्धान परिषद्को पुनःसंरचना भएको हुने। |
| 182. | पशुपक्षी, बागवानी, मत्स्य, तेलहन, दलहन लगायतका विद्यमान कृषि अनुसन्धान केन्द्रको सुदृढीकरण र नयाँ केन्द्रहरू स्थापना गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | २ वर्षभित्र र निरन्तर | अनुसन्धान केन्द्रहरू स्थापना र सुदृढीकरण भएको हुने। |
| 183. | कृषि अनुसन्धानमा साधन स्रोत तथा बजेट वृद्धि गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | कृषि अनुसन्धानमा बजेट वृद्धि भएको हुने। |
| 184. | मुस्ताङ लगायतका उच्च हिमाली क्षेत्रमा २५०० मिटरभन्दा माथि जैविक मल प्रयोग गरी उत्पादन हुने उच्च पौष्टिक गुण भएका कृषिजन्य उत्पादनलाई हिमालयन सुपरफुडको रूपमा ब्राण्डिङ् गरी निर्यात प्रवर्द्धन गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ वर्षभित्र र निरन्तर | कृषि उपजको ब्राण्डिङ भई निर्यात बढेको हुने। |
| | **वन** | | | | |
| 185. | धुवाँरहित चुल्होको उपयोग व्यापक रूपमा बढाउन प्रत्येक वर्ष पेट्रोलियम पदार्थमा सङ्कलित करको निश्चित प्रतिशत रकम धुवाँरहित चुल्हो जडान गर्न वार्षिक बजेटमा विनियोजन गर्ने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | वन तथा वातावरण मन्त्रालय/उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २ वर्षभित्र र निरन्तर | पेट्रोलियम करको निश्चित प्रतिशत रकम धुँवारहित चुल्होका लागि विनियोजन भएको हुने। |
| 186. | सामुदायिक वन क्षेत्रमा वन कुखुरा, कालिज, जरायो, बँदेल जस्ता मासुजन्य पशुपक्षी पालनलाई प्रबर्द्धन गर्न कानूनी जटिलता हटाउने। | वन तथा वातावरण मन्त्रालय/ प्रदेश सरकार/स्थानीय तह | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | १ वर्षभित्र | कानूनमा संशोधन गरी पशुपक्षी पालन प्रबर्द्धन गरिएको हुने। |
| 187. | तीन तहकै सरकारले काठ र काठजन्य सामग्रीको प्रयोग गर्नु परेमा अनिवार्य रूपमा स्वदेशी काठ र काठजन्य सामग्रीको प्रयोग गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने। साथै, सार्वजनिक निकायले भवन निर्माण गर्दा ढोका, भ्यालमा अनिवार्य रूपमा काठ प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने। | वन तथा वातावरण मन्त्रालय/शहरी विकास मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | मापदण्ड तयार गरी कार्यान्वयन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 188. | कत्था उद्योग, रोजिन टर्पेन्टाइन उद्योगमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियालाई सरलीकृत गर्ने। | वन तथा वातावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र | कानून संशोधन गरी कार्यान्वयन भएको हुने। |
| 189. | प्लाइउड भेनिष्ता, लोक्ता, प्राकृतिक रेसाजन्य, वेत बाँसका सामग्री जस्ता वनजन्य उत्पादनमा आधारित उद्योगहरूले गरेको आम्दानीमा आयकर छुट प्रदान गर्ने र यस्ता सामग्रीको आयातमा लाग्ने महसुल दर वृद्धि गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | आयकर छुट तथा आयातमा महसुल दर वृद्धि भएको हुने। |
| 190. | हिमाली तथा उच्च पहाडि भेगमा एक स्थानीय तह एक चरन क्षेत्रको स्थापना र सञ्चालन गर्ने र उक्त क्षेत्रलाई हरित र खुला क्षेत्रको रूपमा तोक्ने। | वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/ स्थानीय तह | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | ३ वर्षभित्र | एक स्थानीय तह एक चरन क्षेत्र विकास भएको हुने। |
| 191. | राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रसँग सिमाना जोडिएका स्थानीय तहमा वन्यजन्तुबाट पीडित नागरिकलाई राहत दिन द्रुत राहत कोष र उद्धार केन्द्र स्थापना गर्ने। | वन तथा वातावरण मन्त्रालय/ प्रदेश सरकार | अर्थ मन्त्रालय | १ वर्षभित्र र निरन्तर | द्रुत राहत कोष तथा उद्दार केन्द्र स्थापना भई सञ्चालन भएका हुने। |
| 192. | सामुदायिक वनको काठ तथा गैर काठ उत्पादनको बिक्रीबाट प्राप्त आय वनको विकास संरक्षण र व्यवस्थापन कार्यकममा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च भई बाँकी हुने रकम मध्ये दश प्रतिशत उपभोक्ता समूहको खातामा राखी अन्य रकम तिनै तहको सरकारमा बाँडफाँट हुने व्यवस्था गर्ने। | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | अर्थ मन्त्रालय | १ वर्षभित्र | सामुदायिक वनको उत्पादनको बिक्रीबाट प्राप्त आय वन संरक्षण, उद्यम विकास लगायतमा खर्च गरी वाँकी रकम तीनै तहका सरकारमा बाँडफाँट भएको हुने। |
| 193. | जडीबुटी र आयुर्वेदिक औषधिको कच्चा पदार्थको रोयल्टीको दर घटाउने। | अर्थ मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १ वर्षभित्र | रोयल्टीको दर घटेको हुने। |
| 194. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको लागि समेत रकम वन विकास कोषमा बुझाउनु पर्ने व्यवस्था हटाउने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | तीनै तहका सरकारले सञ्चालन गर्ने आयोजनाका लागि वन विकास कोषमा रकम बुझाउनु नपर्ने व्यवस्था भएको हुने। |
| 195. | एक पटक EIA स्वीकृत भइसकेपछि उक्त परियोजनालाई आवश्यक वन क्षेत्र प्रयोग गर्न पुनः EIA स्वीकृत गरेपश्चात् मात्र प्रयोग गर्न दिने साविकको व्यवस्था हटाउने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | परियोजनालाई वन क्षेत्रको प्रयोग गर्ने प्रकिया सरलीकृत भएको हुने। |
| 196. | वन नियमावली अनुसार वन क्षेत्रको जग्गा उपयोग गर्ने परियोजनाले | वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्षभित्र | परियोजनाका लागि |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | जग्गाको सट्टा जग्गा नै उपलब्ध गराउनुपर्ने विद्यमान व्यवस्था भएता पनि परियोजनाले आवश्यक जग्गा उपलब्ध गराउन नसकेको अवस्थामा वैकल्पिकरूपमा यसको सट्टा क्षतिपूर्ति उपलब्ध गराउन सक्ने व्यवस्था मिलाउने। | | | | जग्गाको सट्टा क्षतिपूर्ति उपलब्ध गराउने वैकल्पिक व्यवस्था भएको हुने। |
| 197. | वन नियमावली, २०७९ को नियम ९३ बमोजिम, परियोजनाले क्षतिपूर्ति स्वरूप रकम तिर्दा वन क्षेत्र प्रयोगका लागि आवश्यक जग्गाको मूल्य र कटान गरिने रूखहरूको मूल्य दुबै रकम एकमुष्ठ रूपमा सरकारलाई जम्मा गर्नुपर्ने व्यवस्थाका कारण परियोजनाहरूमा अत्याधिक आर्थिक भार पर्ने र कार्यान्वयन प्रक्रियामा ढिलाई हुने समस्यालाई समाधान गर्न वृक्षारोपणको अनुपात १:२ तथा हेरचाह अवधि २ वर्ष कायम गर्ने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | वृक्षारोपणको अनुपात १:२ तथा हेरचहा अवधि २ वर्ष कायम भएको हुने। |
| 198. | वातावारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेपछि र जग्गा भोगाधिकार दिँदा एकपटक रूखहरूको नापजाँच भएपश्चात् कटान प्रकृयालाई सरलीकृत गर्ने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | वातावरणीय प्रभाव मूल्याङ्कन तथा यसको अनुमोदन प्रक्रिया सरलीकृत भएको हुने। |
| 199. | रूख गणनाको स्पष्ट मापदण्ड निर्धारण गरी मूल रूखलाई नै आधार मानेर गणना गर्ने प्रणाली लागू गर्ने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र | रूख गणनाको लागि मूल रूखलाई नै आधार मानी गणना गर्ने प्रणाली स्थापित भएको हुने। |
| 200. | कुनै आयोजनाको संरचना स्थानान्तरण र वन क्षेत्र थप गर्नुपर्ने अवस्थामा मात्र पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रावधान राख्ने। | वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय योजना आयोग | १ वर्षभित्र र निरन्तर | आयोजनाको संरचना स्थानान्तरण तथा वन क्षेत्र पर्ने भएमा मात्र पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रावधान गरिएको हुने। |
| 201. | जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि तर्जुमा गरिएको राष्ट्रिय जलवायु अनुकूलन योजना बनाउन तीनै तहका सरकारले समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्नुपर्ने। | वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | तीनै तहका सरकारबीच समन्वय भएको हुने। |
| 202. | सम्मानित सर्वोच्च अदालतबाट बागमती र यसका सहायक नदी किनाराको मापदण्ड २० मिटर बढाउने सर्वोच्च अदालत फैसला बमोजिम हालसम्म कुनै संरचना नबनेका खालि क्षेत्रलाई वातावरणीय र | वन तथा वातावरण मन्त्रालय/ शहरी विकास मन्त्रालय/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | कानून बमोजिम खुला र हरियाली क्षेत्र कायम भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | शहरी सौन्दर्यको दृष्टिकोणका आधारमा ऐनको दफा ३० बमोजिमको खुला र हरियाली क्षेत्र कायम गर्ने। | | | | |
| 203. | राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने, दैनिक १० टन भन्दा बढि प्राङ्गारिक मल उत्पादन गर्ने उद्योगको स्थापना गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने विषयलाई सरल बनाउने। | वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र र निरन्तर | वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया सरल भएको हुने। |
| 204. | वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ बमोजिम सबै खालका आयोजनामा तयार हुने वातावरणीय अध्ययन प्रतिवेदन एउटै ढाँचा र प्रक्रियाको रहेकोले आयोजनाको प्रकृति अनुरूप ढाँचा र प्रक्रिया फरक-फरक बनाउने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | आयोजनाको प्रकृति अनुसार वातावरणीय अध्ययन प्रतिवेदनको ढाँचा र प्रक्रिया फरक फरक भएको हुने। |
| 205. | वातावरण संरक्षण ऐन, २०७६, को दफा ५ बमोजिम परियोजनाको क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको तथा दफा ७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने प्रावधानले परियोजनाको स्वीकृतिमा अनावश्यक ढिलाई हुने गरेकोले यस प्रणालीलाई हटाई एकल प्रक्रिया सहितको प्रणाली लागू गर्ने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | परियोजनाको क्षेत्र तथा कार्यसूची प्रतिवेदन स्वीकृति गर्ने प्रणालीलाई एकीकृत गरी कार्यान्वयन भएको हुने। |
| 206. | वातावरण संरक्षण नियमावली, २०७७ का नियम ४, ५, ६, ७, ८, र ९ का प्रावधानहरूमा दोहोरिएका चरणहरूलाई हटाई संक्षिप्त बनाउने। | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | दोहोरिएका चरणहरू हटी प्रक्रियागत सरलीकरण भएको हुने। |
| 207. | वन ऐन, २०७६ को दफा ३६ मा संशोधन गरी निजी र सामुदायिक वनबाट सङ्कलित वन पैदावार घरायसी वा व्यावसायिक प्रयोजनका लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्दा जुन स्थानीय तहबाट सङ्कलन भएको हो सो स्थानीय तहको स्वीकृति भए पुग्ने गरी प्रक्रिया सरलीकरण गर्ने। | वन तथा वातावरण मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | वन पैदावर उपयोग सम्बन्धी प्रक्रिया सरलीकृत भएको हुने। |
| 208. | समुदाय तथा सम्बन्धित स्थानीय तहको सहभागितामा विद्युत् प्रसारण लाईन मुनिको जग्गा कृषि प्रयोजनका लागि प्रयोग गर्ने व्यवस्था गर्ने। | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/स्थानीय तह | राष्ट्रिय योजना आयोग | १ वर्षभित्र र निरन्तर | विद्युत् प्रसारण लाईन मुनीको जग्गा कृषि प्रयोजनका लागि उपयोग भएको हुने। |
| 209. | सुगन्धित तेल, लामो रेशाका कपडा, जडीबुटी तथा सुगन्धित वनस्पति, लोक्ताबाट बनेको हाते कागज तथा रोजिन एण्ड टर्पेन्टाइनको कच्चा पदार्थको सहज सङ्कलन तथा उपलब्धता हुने गरी वन नियमावलीमा | वन तथा वातावरण मन्त्रालय | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र र निरन्तर | कच्चा पदार्थको स्रोत तथा निर्यात समेतका विषय समावेश गरी नियमावली |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | समावेश गरी जारी गर्ने। | | | | जारी भएको हुने। |
| 210. | जडीबुटी सङ्कलन तथा प्राथमिक भण्डारणका लागि जडीबुटी उत्पादन हुने क्षेत्रमा भण्डारण गृह निर्माण गर्ने र सात वटै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा जडीबुटी तथा सुगन्धित तेल प्रशोधन केन्द्र स्थापना गर्ने। | वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह/ निजी क्षेत्र | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ वर्षभित्र र निरन्तर | प्रत्येक प्रदेशमा जडीबुटी तथा सुगन्धित तेल प्रशोधन केन्द्र स्थापना भएका हुने। |
| | **जमिन तथा खानी** | | | | |
| 211. | व्यवसायिक कृषि, उत्पादनमूलक उद्योग र पर्यटन उद्योगको लागि सहुलियत रूपमा लामो समयको लागि लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय /कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | उत्पादनमूलक उद्योगका लागि सहुलियत दरमा लिजमा जग्गा उपलब्ध भएको हुने। |
| 212. | वातावरण सन्तुलन कायम गर्दै नदी तथा खोला क्षेत्र, बोटबिरुवा नभएका पहाडहरू छनौट गरी निर्माण सामग्री उत्पादनको लागि क्षेत्र तोक्ने र आन्तरिक आवश्यकता पूरा गरेर निर्माण सामग्री निर्यात गर्ने व्यवस्था गर्ने। | वन तथा वातावरण मन्त्रालय/ सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र र निरन्तर | निर्माण सामग्री उत्पादनको क्षेत्र तोकी आन्तरिक आवश्यकता पूरा गरेर निर्यात गर्ने व्यवस्था भएको हुने। |
| 213. | सुकुम्बासी र अव्यवस्थित वस्तिहरूको समस्यालाई दिगो रूपमा समाधान गर्न भूमिसम्बन्धी ऐनको व्यवस्था अनुसार अव्यवस्थित वस्तिहरूलाई एक पटक केही रकम लिएर जग्गा व्यवस्थापन गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ वर्षभित्र | सुकुम्वासी र अव्यवस्थित वस्तीको दीगो रूपमा समस्या समाधान भएको हुने। |
| 214. | रेलवे, जलविद्युत्, लगायतका भौतिक पूर्वाधार निर्माणको लागि रोक्का राखेको जग्गाको मुआब्जा दिई अन्य क्षेत्रमा जग्गा खरिद गर्ने। | पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/गृह मन्त्रालय/ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २ वर्षभित्र र निरन्तर | जग्गा खरिद गर्ने प्रक्रिया सहज भएको हुने। |
| 215. | भूमि बैंङ्कको व्यवस्था नहुन्जेल कुनै जग्गाधनीले आफ्नो निजी जग्गा लिजमा दिन चाहेमा स्थानीय तहमा अभिलेख राखी, लिने दिनेको अधिकारको सुरक्षाको प्रत्याभूति हुने गरी कानून बमोजिम जग्गा लिज/करारमा दिने व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | निजी जग्गा लिजमा दिने व्यवस्था भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 216. | एकीकृत भूमि व्यवस्थापन ऐन जारी गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ वर्षभित्र | भूमि व्यवस्थापन ऐन तर्जुमा भई कार्यान्वयन भएको हुने। |
| 217. | भू-उपयोगका क्षेत्र अनुसार छुट्टाछुट्टै हद बन्दी कायम गर्ने एवम् जनसंख्या वृद्धिदर ऋणात्मक भएका पहाडी जिल्लामा कृषि प्रयोजनको लागि जग्गाको विद्यमान हदबन्दी सीमा हटाउने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | भू-उपयोगका क्षेत्रअनुसार छुट्टाछुट्टै हद बन्दी कायम भई हदबन्दी सीमा हटेको हुने। |
| 218. | कृषि अनुदान दिँदा कृषि क्षेत्रमा वर्गीकरण भएको जग्गाधनी प्रमाण पूर्जा र कृषक परिचय पत्रको आधारमा मात्र दिने । | कृषि तथा पशुपक्षी विकास मन्त्रालय/स्थानीय तहहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | कृषि अनुदान जग्गाधनी प्रमाण पुर्जा र कृषक परिचयपत्रको आधारमा मात्र वितरण भएको हुने। |
| 219. | मालपोत ऐनमा भएको व्यवस्था अनुरूप घरजग्गा व्यवसायको लाईसेन्स लिएर मात्र घरजग्गा कारोबार गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिनाभित्र र निरन्तर | घरजग्गा व्यवसायको लाईसेन्स लिएर मात्र घरजग्गा कारोबार गर्ने व्यवस्था कार्यान्वयन भएको हुने। |
| 220. | राष्ट्रिय भूमि नीति २०७५ ले अवलम्बन गरेको वन क्षेत्रको संरक्षण गदै सरकारी र गुठी जग्गा उपयुक्तताका आधारमा कृषि र उद्योग व्यवसाय सञ्चालनका लागि लिजमा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | सरकारी र गुठी जग्गा उपयुक्तताका आधारमा कृषि र उद्योग व्यवसाय सञ्चालनका लागि लिजमा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन भएको हुने। |
| 221. | एक भन्दा बढी आवास इकाई रहेको भवनका आवास इकाई धनीहरूको स्वामित्व तथा अधिकारलाई कानूनद्धारा सुरक्षित गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | आवास इकाई धनीको स्वामित्व तथा अधिकारलाई कानूनद्धारा सुरक्षित भएको हुने। |
| 222. | भू-उपयोग ऐन २०७६ र नियामावली २०७९ को कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरी तीन तहका सरकारी निकायको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | ६ महिनाभित्र र निरन्तर | भू-उपयोग ऐन तथा नियमावलीको कार्यान्वयनका लागि तीनै तहका सरकारबीच समन्वय कायम गरी क्षमता |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | विकास भएको हुने। |
| 223. | खानी तथा खनिज पदार्थको अन्वेषण, प्रवर्द्धन र उत्खननसम्बन्धी नीति तर्जुमा गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | नयाँ खानी तथा खनिज पदार्थ सम्बन्धी नीति तयार भएको हुने। |
| 224. | सङ्घीय संरचना बमोजिम खानी सम्बन्धमा नयाँ ऐन तथा नियमावली तर्जुमा गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | सङ्घीयता अनुकूलको खानी ऐन तथा नियमावली तयार भएको हुने। |
| 225. | खानीको अन्वेषण र उत्खनन कार्यलाई गति दिन खानी तथा भूगर्भ विभागको क्षमता र दक्षता अभिवृद्धि गर्ने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | विभागको क्षमता तथा दक्षता विकासका कार्यक्रमहरू सञ्चालन भएको हुने। |
| 226. | विश्वविद्यालयहरूमा खानी इन्जिनियरिङसम्बन्धी उच्चस्तरीय जनशक्ति उत्पादन गर्न अध्ययन अध्यापनको व्यवस्था गर्ने। | सम्बन्धित विश्वविद्यालयहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १ वर्षभित्र | विश्वविद्यालयको पाठ्यक्रममा खानीसम्बन्धी विषय समावेश गरी अध्ययन अध्यापन सुरू भएको हुने। |
| 227. | खानी क्षेत्रमा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गरी लगानी बढाउने र प्रविधि अवलम्वन र हस्तान्तरण गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय /अर्थ मन्त्रालय | निरन्तर | खानी क्षेत्रमा सार्वजनिक निजी साझेदारी मार्फत लगा अभिवृद्धि तथा प्रविधि हस्तान्तरण भएको हुने। |
| 228. | खानी क्षेत्रमा विदेशी र घरेलु लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार गर्नका लागि प्रोत्साहन उपायको रूपमा कर छुट र अन्य सुविधाहरू प्रदान गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय/लगानी बोर्डको कार्यालय | १ वर्षभित्र र निरन्तर | खानी क्षेत्रमा विदेशी र घरेलु लगानी बढेको हुने। |
| 229. | खानी उत्खननका परियोजनाबाट प्रभावित समुदायसँग समन्वय र संवादका साथै स्थानीयको सहभागिता बढाउने। | खानी तथा भू-गर्भ विभाग /प्रदेश सरकार/ स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | स्थानीय समुदायसँग निरन्तर समन्वय तथा संवाद भएको हुने। |
| 230. | वातावरण र पर्यावरणीय सन्तुलन कायम गर्दै वन क्षेत्रबाट निर्माण सामग्रीहरूको उत्खनन गरी आन्तरिक प्रयोग र निर्यात गर्न सकिने व्यवस्था गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/वन तथा | १ वर्षभित्र | निर्माण सामग्रीहरूको उत्खनन गरी आन्तरिक प्रयोग र निर्यात गर्ने व्यवस्था भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | वातावरण मन्त्रालय | | |
| 231. | चुनढुङ्गा निकाल्ने अनुमति लिएका सिमेन्ट उद्योगले चुनढुङ्गा उत्खनन गर्ने क्रममा निस्कने डोलोमाइट तथा अन्य ढुङ्गा गिट्टी बनाई निर्यात गर्न खुला गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/वन तथा वातावरण मन्त्रालय | १ वर्षभित्र | चुनढुङ्गा उत्खननको क्रममा निस्कने डोलोमाइट तथा अन्य ढुङ्गा गिट्टी बनाई निर्यात भएको हुने। |
| 232. | विस्तृत वातावरणीय प्रभाव अध्ययन गरी महाभारत रेन्जमा रहेका जङ्गल र वोटविरूवा नभएका पहाडहरू कटान गरी निर्माण सामग्री उत्पादन गर्ने। | वन तथा वातावरण मन्त्रालय/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र र निरन्तर | महाभारत रेन्जमा रहेका जङ्गल र बोटविरूवा नभएका पहाड कटान गरी निर्माण सामग्री उत्पादनका लागि आवश्यक व्यवस्थापन भएको हुने। |
| 233. | खानी तथा खनिज पदार्थ नियमावली २०५६ मा संशोधन गरी खानीजन्य पदार्थको खोजतलास र उत्खनन कार्यको लागि रोयाल्टीको अतिरिक्त १० प्रतिशत स्थानीय विकास शुल्क लिने व्यवस्था हटाउने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | स्थानीय विकास शुल्क हटेको हुने। |
| 234. | खानीलाई प्रत्येक वर्ष दस्तुर तिरेर नवीकरण गराउनु पर्ने व्यवस्थालाई दुई वर्षमा मात्र नवीकरण गराउनु पर्ने व्यवस्था गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | प्रत्येक २ वर्षमा मात्र खानी नवीकरण हुने व्यवस्था लागू भएको हुने। |
| 235. | सरकारको केही लगानी रहने गरी पब्लिक लिमिटेड कम्पनी स्थापना गरी व्यवसायिक ढङ्गले खानीको उत्खनन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | २ वर्षभित्र | खानी उत्खननका लागि पब्लिक लिमिटेड कम्पनी स्थापना गरी कार्यान्वयन भएको हुने। |
| 236. | स्वदेशमै मार्बल र ग्रेनाइट उत्खनन गरी उत्पादन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वन तथा वातावरण मन्त्रालय | २ वर्षभित्र | मार्बल र ग्रेनाइट उत्खनन गरी उत्पादन भएको हुने। |
| 237. | गुणस्तर कायम गरी भारततर्फ सिमेन्ट निर्यातको लागि कूटनीतिक पहल गर्दै भारतीय लगानीकर्तासँगको संयुक्त लगानीमा सिमेन्ट उद्योग खोल्न प्राथमिकता दिने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ परराष्ट्र मन्त्रालय | निरन्तर | कुटनीतिक पहल गरी संयुक्त लगानीमा सिमेन्ट उद्योग खोल्ने कार्य सुरू भएको हुने। |
| | **निर्माणजन्य सामग्रीको दिगो र वातावरणमैत्री उत्खनन** | | | | |
| 238. | वातावरण विनाश, कालोबजारी, अनियमितता, अवैध उत्खनन तथा | गृह मन्त्रालय/उद्योग, वाणिज्य | प्रधानमन्त्री तथा | २ वर्षभित्र | एकीकृत प्राकृतिक स्रोत |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | क्रसर उद्योग सञ्चालन जस्ता समस्या समाधानका लागि एकीकृत प्राकृतिक स्रोत व्यवस्थापन ऐन तर्जुमा गर्ने। | तथा आपूर्ति मन्त्रालय/वन तथा वातावरण मन्त्रालय/सङ्घीय मामिला तथा सामान्य प्राशासन मन्त्रालय | मन्त्रिपरिषद्को कार्यालय | | व्यवस्थापन ऐन तर्जुमा भई कार्यन्वयन भएको हुने। |
| 239. | निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र आदि भित्र थुप्रिएर रहेका काठ तथा ढुङ्गा गिट्टी बालुवाको प्रयोगको लागि नीतिगत व्यवस्था गर्ने। | वन तथा वातावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ वर्षभित्र | निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र आदिमा थुप्रिएर रहेको निर्माण सामग्री प्रयोगको नीतिगत व्यवस्था भएको हुने। |
| 240. | वातावरणीय प्रभाव मूल्याङ्कनलाई त्यसको भावना र मर्मबमोजिम गर्ने परिपाटी बसाउन वातावरण संरक्षण ऐन एवम् नियमावलीका व्यवस्थालाई अनुभव र अभ्यासका आधारमा परिमार्जन गर्ने। | वन तथा वातावरण मन्त्रालय | कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | वातावरण संरक्षण ऐन तथा नियमावली परिमार्जन भएको हुने। |
| 241. | नदिजन्य निर्माण सामग्री उत्खननबाट प्राप्त हुने राजस्वको निश्चित अंश नदी संरक्षण तथा व्यवस्थापनको लागि खर्च गर्नु पर्ने नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्ने। | प्रदेश सरकार/स्थानीय तह | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ वर्षभित्र | नदिजन्य निर्माण सामग्री उत्खननबाट प्राप्त राजस्वको निश्चित अंश नदी संरक्षणमा खर्च भएको हुने। |
| 242. | निर्माण सामग्री उद्योगको दायरा फराकिलो पारी निर्माणजन्य सामग्रीको उत्पादन प्रवर्द्धन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | निर्माण सामग्री उद्योगको दायरा फराकिलो भएको हुने। |
| 243. | निर्माण सामग्री उत्खनन र जग्गा प्राप्ति कार्यलाई वृहत् पूर्वाधार निर्माणसँग प्रत्यक्ष रूपमा आवद्ध गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ पूर्वाधार आयोजना सञ्चालन गर्ने मन्त्रालयहरू/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | उत्खनन गर्ने कार्य र जग्गा प्राप्ति वा वृहत् पूर्वाधार निर्माण कार्यबीच प्रभावकारी सामन्जस्यता कायम भएको हुने। |
| 244. | प्रदेश सरकारले निश्चित स्थानमा बाँध बाँधेर नदीको धार नबदलिने गरी नदीजन्य निर्माण सामग्री सङ्कलन गर्ने भौतिक संरचना बनाउने र हरेक वर्ष सङ्कलन भएको परिमाणका लागि मात्र ठेक्का लगाएर बेचबिखन गर्ने प्रबन्ध मिलाउने। | प्रदेश सरकारहरू/ स्थानीय तहहरू | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ वर्षभित्र र निरन्तर | नदिजन्य सामग्री व्यवस्थापन प्रभावकारी भएको हुने। |
| 245. | स्थानीय पूर्वाधार निर्माणका लागि स्थानीयस्तरमा उपलब्ध बालुवा, ढुङ्गा गिट्टीको प्रयोगमा सहजीकरण गर्दै सम्बन्धित नदी क्षेत्र वा खानी | प्रदेश सरकार/स्थानीय तह | सङ्घीय मामिला तथा सामान्य प्रशासन | १ वर्षभित्र | स्थानीय पूर्वाधार निर्माणमा नदि तथा खानीजन्य |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | क्षेत्रको संरक्षणमा प्रयोग हुने स्थानीय नदीजन्य वा खानीजन्य निर्माण सामग्रीको शुल्क मिनाहा गर्ने। | | मन्त्रालय | | सामग्री प्रयोगमा सहजीकरण र शुल्क मिनाहा भएको हुने। |
| 246. | वातावरणीय प्रभाव मूल्याङ्कन गरी निश्चित परिमाण तोकेर खानी क्षेत्रबाट निर्माण सामग्री उत्खनन तथा निकासीको प्रबन्ध गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय योजना आयोग | १ वर्षभित्र | खानी क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन गरी सामग्री उत्खनन् र निकासीको प्रबन्ध भएको हुने। |
| 247. | नदि प्रणालीबाट दिगो उत्खनन योग्य गेग्रानको मात्रा निर्धारण गर्नका लागि समग्र नदि प्रणालीको दीर्घकालीन अनुगमन र नदीको भौतिक स्वरूपको नमुना अध्ययन (morphological modelling) परीक्षण गर्ने। | जल तथा उर्जा आयोग | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/ राष्ट्रि योजना आयोग | २ वर्षभित्र | नदीको भौतिक स्वरूपको नमूना अध्ययन परीक्षण भएको हुने। |
| | **जलविद्युत् विकास** | | | | |
| 248. | एकीकृत जल नीति तर्जुमा गरी जलविद्युत् विकास, सिँचाइ र खानेपानी आपूर्ति र सरसफाइ लगायतका सेक्टरल (क्षेत्रगत) रणनीति तयार गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ खानेपानी मन्त्रालय | २ वर्षभित्र | एकीकृत जल नीति र सो अन्तरगतको क्षेत्रगत रणनीति तयार भएको हुने। |
| 249. | विद्युत् विकासको क्षेत्रमा कार्यान्वयन गर्ने तथा नियामक संस्थाहरूको जिम्मेवारी स्पष्ट पार्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | विद्युत् विकासका क्षेत्रमा कार्यरत निकायको जिम्मेवारी स्पष्ट भएको हुने। |
| 250. | जलविद्युत् विकासलाई आवश्यक पर्ने सामग्री जस्तै इलेक्ट्रो-मेकानिकल उपकरण, कन्डक्टर, ग्राउण्ड-वायर, पेनस्टक पाइपलाई चाहिने सामान, टर्बाइन आदि उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय /अर्थ मन्त्रालय | २ वर्षभित्र | जलविद्युत् विकासलाई आवश्यक पर्ने सामग्री उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन भएको हुने। |
| 251. | आन्तरिक विद्युत् खपत प्रवर्द्धन हुने गरी प्रसारण लाईनको पूर्वाधार तयार गर्ने र अन्तरदेशीय प्रसारण लाईन निर्माणको हकमा यथार्थपरक विद्युत् व्यापारको प्रक्षेपण तथा एकल बजारसँग जोडिएको जोखिम मूल्याङ्कनको आधारमा मात्र चरणबद्ध रुपले लगानी बढाउने । | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | प्रसारण लाईनको पूर्वाधार तयार भएको हुने। अन्तरदेशीय प्रसारण लाईन निर्माण भएको हुने। |
| 252. | विद्युतको घरेलु माग सिर्जना गर्न विद्युतीय चुलोको प्रवर्द्धन गर्ने ।साथै अन्य घरायसी उपकरणको प्रयोगलाई टेवा दिन नयाँ घर निर्माण गर्दा | नेपाल विद्युत् प्राधिकरण | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/ | निरन्तर | विद्युतीय चुलोको प्रवर्द्धन र नयाँ घर निर्माण गर्दा |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | उच्च एम्पीयरको विद्युत् मीटर र तार-सञ्जाल (wiring) जडान गर्न र पूराना घरमा कम एम्पीयरबाट उच्च एम्पीयरमा सार्न उपभोक्ताहरूलाई प्रोत्साहन गर्ने। | | स्थानीय तहहरू | | उच्च एम्पियरको विद्युतीय सामग्री प्रयोगमा प्रोत्साहन भएको हुने। |
| 253. | विद्युत् आयोजनाको अनुमति पत्र प्रदान गर्ने प्रक्रियालाई प्रतिस्पर्धात्मक बनाउने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | विद्युत् आयोजना अनुमति पत्र प्रदान गर्ने प्रकिया प्रतिस्पर्धी भएको हुने। |
| 254. | देशको आन्तरिक माग पूरा गर्न र विदेश निर्यात समेत गर्ने वातावरणको निर्माण गर्न प्रत्यक्ष विदेशी लगानीबाट स्वतन्त्र ऊर्जा उत्पादकले जलविद्युत् विकास गर्ने वातावरण सिर्जना गर्ने। | लगानी बोर्ड | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय / अर्थ मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र र निरन्तर | जलविद्युत् उत्पादनमा प्रत्यक्ष वैदेशिक लगानी वृद्धि भएको हुने। |
| 255. | निजी लगानीमा विकास गरिने जलाशययुक्त विद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाईनमा जडान गर्ने कार्यलाई प्राथमिकता दिई बढी भएको विद्युत् मात्र निर्यात अनुमति दिने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | बढी भएको विद्युत् मात्र निर्यात अनुमति दिने नीतिगत व्यवस्था भएको हुने। |
| 256. | जलविद्युतमा विदेशी लगानीलाई स्वीकृति दिँदा अपनाउनुपर्ने वहुचरणलाई हटाई एउटै निकायबाटै सम्पूर्ण अनुमति प्रदान गर्ने व्यवस्था गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/अर्थ मन्त्रालय | २ वर्षभित्र | जलविद्युतमा विदेशी लगानी सहजीकरण भई लागनी अभिवृद्धि भएको हुने। |
| 257. | स्वदेशी पुँजी बजार र वैदेशिक स्रोतबाट जलविद्युत् क्षेत्रमा लगानी जुटाउन न्युनतम राजस्व प्रत्याभुती (Viability Gap Funding, Minimum Revenue Guarantee) गर्ने। विनिमय दर जोखिम र जलवायु परिवर्तनबाट हुने जोखिमको असर न्यूनीकरण गर्न हेजिङ्ग (hedging) प्रणाली विकास गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय | २ वर्षभित्र | स्वदेशी पुँजी बजार र वैदेशिक स्रोतबाट जलविद्युत् क्षेत्रमा लगानी सहजीकरण तथा प्रोत्साहन भएको हुने। |
| 258. | विदेशी लगानीकर्ता संलग्न कम्पनी खोल्न तथा कर बाहेकको नाफा फिर्ता लैजान सहज वातावरण बनाउन थप सहजीकरण गर्दै मुनाफा देशभित्र नै लगानी गर्न प्रोत्साहन गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैंङ्क | १ वर्षभित्र | विदेशी लगानीलाई सहजीकरण गर्दै नाफा फिर्ता लगायतका प्रक्रिया सहज भएको हुने। |
| 259. | सरकारलाई नि:शुल्क उर्जा र पुँजीगत हिस्सा (सेयर) प्राप्त हुने आधारमा लगानीकर्ता छनौट गर्न प्राथमिकता दिने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | निःशुल्क उर्जा र पुँजीगत हिस्सा प्राप्त हुने आधारमा |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | लगानीकर्ता छनौट भएको हुने। |
| 260. | सीमावर्ती नदीको विकासको लागि अन्तर्देशीय सन्धि सम्बन्धी नीति तर्जुमा गर्ने। | परराष्ट्र मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २ वर्षभित्र | अन्तरदेशीय सन्धि सम्बन्धी नीति तर्जुमा भएको हुने। |
| 261. | नेपालको जलविद्युत् विकासको रणनीति पुनर्मूल्यांकन गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | जलविद्युत् विकासको रणनीति पूनर्मूल्याङ्कन भएको हुने। |
| 262. | सीमा नदीमा निर्माण हुने जलविद्युत् आयोजनाको निर्माणपूर्व वातावरणीय प्रभाव र तल्लो तटीय लाभको मूल्याङ्कन गरी पानीमाथिको अधिकार सुनिश्चित गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | नीति तयार गरी कार्यान्वयन भएको हुने। |
| 263. | प्रसारण तथा वितरण प्रणालीमा हुने विद्युत् चुहावटलाई रोक्दै प्रति युनिट विद्युत् महसुलको लागत घटाउन पुरस्कार र दण्डको व्यवस्था गर्दै जनचेतना फैलाउने र चुहावट न्यूनीकरणको लागि विद्युत् प्रसारण लाईन सम्बद्ध उपकरणको मर्मत सम्भार, स्तर वृद्धि र आधुनिकीकरण गर्दै जाने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | उपकरणको नियमित मर्मत संभार, स्तर वृद्धि र आधुनिकीकरण गरी विद्युत् चुहावट नियन्त्रण भएको हुने। |
| 264. | पिक आवर, अफ पिक आवर, हिउँद र वर्षा याममा फरक फरक विद्युत् महसुल दर कायम हुने गरी नीतिगत व्यवस्था गर्ने। | नेपाल विद्युत् प्राधिकरण | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | निरन्तर | पिक आवर, अफ पिक आवर, हिउँद र वर्षा याममा फरकफरक विद्युत् महसुल दर कायम भएको हुने। |
| 265. | अफ पिक आवरमा विद्युत् खपत गर्ने उद्योगलाई सो अवधिको विद्युत् महसुलमा विशेष सहुलियत दिने। | विद्युत् नियमन आयोग/उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १ वर्षभित्र र निरन्तर | अफ पिक आवरमा विद्युत् खपत गर्ने उद्योगलाई विशेष सहुलियत दिइएको हुने। |
| 266. | धेरै विद्युत् उत्पादन हुने वर्षायाममा उद्योगीहरूलाई सहुलियत दरमा विद्युत् प्रदान गर्ने। | नेपाल विद्युत् प्राधिकरण | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १ वर्षभित्र | धेरै विद्युत् उत्पादन हुने समयमा उद्योगीहरूलाई महसुलमा सहुलियत दिइएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 267. | आयोजनाको प्लानिङ र डिजाइन चरणमा जलवायु परिवर्तनको जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको विषयलाई अनिवार्य समावेश गर्ने। | आयोजना सञ्चालन गर्ने मन्त्रालय | वन तथा वातावरण मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | निरन्तर | जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विषय आयोजनाको प्लानिङ र डिजाइन चरणमा नै समावेश भएको हुने। |
| 268. | जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पर्ने जग्गामा हदबन्दी नलाग्ने गरी भूमि सम्बन्धी ऐनमा व्यवस्था गर्ने। | भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय/उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २ वर्षभित्र | जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पर्ने जग्गामा हदबन्दी नलाग्ने व्यवस्था भएको हुने। |
| 269. | कृषि, पर्यटन, मत्स्यपालन, सिँचाइसँग परिपूरक हुने बहुउद्देश्यीय आयोजनालाई प्राथमिकता दिने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | राष्ट्रिय योजना आयोग | निरन्तर | बहुउद्देश्यीय आयोजनालाई प्राथमिकता दइएको हुने। |
| 270. | जलविद्युत् आयोजना सञ्चालन गर्दा आकस्मिक दुर्घटना वा प्राकृतिक प्रकोपसँग जुध्न वा प्रकोपको प्रभाव न्यूनीकरण गर्न आवश्यक योजना बनाउने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | निरन्तर | जलविद्युत् आयोजनाका लागि आकस्मिक दुर्घटना वा प्राकृतिक प्रकोप न्यूनीकरण योजना तयार भएको हुने। |
| 271. | निजी क्षेत्र तथा सरकारले निर्माण गर्ने प्रत्येक विद्युत् आयोजना र केन्द्रमा अनिवार्य रूपमा जलाधार संरक्षण र व्यवस्थापन (Watershed Conservation) कार्यक्रमहरू लागू गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | विद्युत् आयोजनासँगै जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम सञ्चालन भएको हुने। |
| 272. | आयोजनाको लागत न्यूनीकरण गर्न प्लानिङ, डिजाइन, कन्स्ट्रक्सन तथा सञ्चालन र मर्मत सम्भार सबै चरणमा भ्यालु इन्जिनियरिङलाई अपनाई अधिकतम लाभ र आयोजना चक्रमा न्यूनतम खर्च हुने व्यवस्था गर्ने। | आयोजना सञ्चालन गर्ने मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | आयोजना चक्रमा भ्यालु इन्जिनियरिङ प्रणाली आन्तरिकीकरण भएको हुने। |
| 273. | निर्माणको अन्तिम चरणमा रहेका परियोजनाहरूको निर्माण सम्पन्न गर्ने विषयलाई प्राथमिकता दिन बजेट विनियोजन गर्ने। | आयोजना सञ्चालन गर्ने मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | निर्माणको अन्तिम चरणमा रहेका आयोजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन भएको हुने। |
| 274. | विद्युत् प्रणालीको सञ्चालनमा सहजता ल्याउन पम्प स्टोरेज जलविद्युत् | उर्जा, जलस्रोत तथा सिँचाइ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | ३ वर्षभित्र | केही आयोजना नमूना आयोजनाको रूपमा |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | प्रविधि अवलम्बन गरी केही आयोजनालाई नमूना आयोजना (Pilot Project) को रूपमा विकास गर्ने। | मन्त्रालय | कार्यालय | | विकास भएको हुने। |
| 275. | बुढीगण्डकी परियोजनाले प्रभाव पार्ने डुबान क्षेत्र र आर्थिक- सामाजिक विषयलाई ध्यान दिई परियोजना निर्माणको मोडालिटी र क्षमता परिमार्जन गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | परियोजना निर्माणको मोडालिटी र क्षमता परिमार्जन भएको हुने। |
| 276. | जलविद्युत् आयोजनामा विद्युत् प्राधिकरण, निजी क्षेत्र, प्रदेश सरकार र स्थानीय तहको सहभागितामा समय भित्रै कम लागतमा परियोजना सम्पन्न गरी प्रति युनिट विद्युत् महसुल घटाउने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | समयमै आयोजना सम्पन्न भई प्रति युनिट विद्युत् महसुल घटेको हुने। |
| 277. | संघ, प्रदेश र स्थानीय तहका ऊर्जासम्बन्धी अधिकार कार्यान्वयनका लागि आवश्यक नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश/ स्थानीय तह | २ वर्षभित्र | तीनै तहको उर्जासम्बन्धी अधिकार कार्यान्वयनका लागि नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था भएको हुने। |
| 278. | समयमै प्रसारण लाईन निर्माण र प्राथमिकतासहित आन्तरिक खपत योजना बनाउने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | प्रसारण लाईन निर्माण र आन्तरिक खपत योजना तयार भई कार्यान्वयनमा आएको हुने। |
| 279. | नेपाल विद्युत् प्राधिकरण अन्तरगतका प्रादेशिक कार्यालयहरूलाई पुनःसंरचना गरी विद्युत् वितरण कम्पनीको रूपमा रूपान्तरण गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | नेपाल विद्युत् प्राधिकरण अन्तरगतका प्रादेशिक कार्यालयहरूलाई पुनःसंरचना गरिएको हुने। |
| 280. | जलविद्युत् क्षेत्रबाट स्थानीय सरकारलाई जाने रोयल्टी रकमको पाँच प्रतिशत रकम जम्मा गरी जलविद्युत् सम्बन्धी अनुसन्धान, नवप्रवर्तन, कृषि, उद्योग र ग्रामीण विद्युतीकरणका लागि एक ग्रामीण विद्युतीकरण कोष खडा गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्षभित्र | ग्रामीण विद्युतीकरण कोष खडा भएको हुने। |
| 281. | जलविद्युत् आयोजनाका सूचना एकीकृत रूपमा सुरक्षित राख्न अनुसन्धान संस्था तथा विश्वविद्यालयसँग सहकार्य गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २ वर्षभित्र | जलविद्युत् आयोजनाका सूचना एकीकृत र सुरक्षित गरी राख्ने पद्धतिको विकास भएको हुने। |
| 282. | जलविद्युतको दिगो विकासलाई प्रवर्द्धन गर्न सरकारी, निजी क्षेत्र, अनुसन्धान संस्था र स्थानीय समुदायबीच ज्ञान आदानप्रदान र | जल तथा उर्जा आयोग/उर्जा, जलस्रोत तथा सिँचाइ | शिक्षा, विज्ञान तथा प्रविधि | निरन्तर | ज्ञान आदानप्रदान र सहकार्यका लागि |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | सहकार्यका लागि प्लेटफर्महरू सिर्जना गर्ने र निरन्तर सिकाइलाई प्रवर्द्धन गर्ने। | मन्त्रालय | मन्त्रालय/स्थानीय तह | | प्लेटफर्महरू तयार भई सिकाई प्रवर्द्धन भएको हुने। |
| | **सूचना तथा सञ्चार प्रविधि** | | | | |
| 283. | सूचना तथा प्रविधि क्षेत्रको वृहत विकासको लागि समग्र इकोसिस्टम तथा संरचना तयार गर्ने र डिजिटल रूपान्तरणको लागि उपयुक्त रणनीति अवलम्बन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | समग्र इकोसिस्टम तथा संरचना तयारी र डिजिटल रुपान्तरणको रणनीति कार्यान्वयन भएको हुने। |
| 284. | कृत्रिम बौद्धिकता (एआइ), रोबोटिक्स, इन्टरनेट अफ थिंग्स (आइओटि) जस्ता विषयलाई समेत सम्बोधन गर्ने गरी नयाँ राष्ट्रिय सूचना प्रविधि नीति जारी गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | नयाँ राष्ट्रिय सूचना प्रविधि नीति जारी भएको हुने। |
| 285. | सबै नागरिकलाई सूचना प्रविधि उपयोग गर्न सक्षम बनाउन डिजिटल साक्षरता कार्यक्रम अभियानका रूपमा अघि बढाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/स्थानीय तह | निरन्तर | डिजिटल साक्षरता कार्यक्रम अभियानका रूपमा सञ्चालन भएको हुने। |
| 286. | सूचना प्रविधि सम्बद्ध सेवाको गुणस्तर सुनिश्चित गर्न साइबर सुरक्षा प्रबल बनाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | साइबर सुरक्षा प्रबल भएको हुने। |
| 287. | सरकारी डाटा केन्द्र तथा सूचना प्रविधि पूर्वाधारहरूमा नियमित विद्युत् आपूर्तिको व्यवस्था मिलाउने। | नेपाल विद्युत् प्राधिकरण | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | सरकारी डाटा केन्द्र तथा सूचना प्रविधि पूर्वाधारमा नियमित विद्युत् आपूर्तिको व्यवस्था भएको हुने। |
| 288. | सूचना प्रविधि पूर्वाधारको न्यूनतम आधार तय गरी सोको मानकीकरण र प्रमाणीकरणको नीति तर्जुमा गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | सूचना प्रविधि पूर्वाधारको मानकीकरण र प्रमाणीकरणको नीति तर्जुमा भएको हुने। |
| 289. | सूचना प्रविधि प्रणालीको निर्माण गर्दा नागरिकको आवश्यकता अनुसारका महत्वपूर्ण र संवेदनशील सेवाहरूको पहिचान गरी त्यस्ता सेवा छिटो, छरितो, सुलभ, गुणस्तरीय तथा प्रभावकारी हुने व्यवस्था मिलाउने। | सबै मन्त्रालय/निकाय/कार्यालयहरू | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | सूचना प्रविधि प्रणाली मार्फत छिटो, छरितो, सुलभ, गुणस्तरीय तथा प्रभावकारी रूपमा सेवा प्रवाह भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 290. | एक निकायमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीको सेवा अर्को निकायको समान खालका सूचना प्रविधि प्रणालीले समेत उपयोग गर्न सक्ने बनाउने। | सूचना प्रणाली सञ्चालन गर्ने मन्त्रालय/निकाय/कार्यालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | सूचना प्रविधिका प्रणालीबीच अन्तरआवद्धता भएको हुने। |
| 291. | सूचना प्रविधि प्रणालीमा रहेको सूचना तथा तथ्याङ्क सम्बन्धित सरकारी निकायको स्वामित्व तथा नियन्त्रणमा रहने व्यवस्था गर्ने। | सूचना प्रणाली सञ्चालन गर्ने मन्त्रालय/निकाय/कार्यालयहरू | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १ वर्षभित्र र निरन्तर | सूचना तथा तथ्याङ्क सम्बन्धित सरकारी निकायको स्वामित्व तथा नियन्त्रणमा रहेको हुने। |
| 292. | सूचना प्रविधि प्रणालीहरूको जोखिम विश्लेषण र जोखिम व्यवस्थापन क्षमताको आधारमा उचित सुरक्षाका उपाय अवलम्बन गर्ने। | सूचना प्रणाली सञ्चालन गर्ने मन्त्रालय/निकाय/कार्यालयहरू | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | प्रणाली सुरक्षाका उचित उपाय अवलम्बन गरिएको हुने। |
| 293. | विभिन्न निकायहरूमा प्रयोग हुने एकै प्रकृतिका सेवा प्रवाह र आन्तरिक कार्यालय सञ्चालनका लागि एकीकृत सफ्टवेयर प्रणाली लागू गर्ने। | सूचना प्रणाली सञ्चालन गर्ने मन्त्रालय/निकाय/कार्यालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय /सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ वर्षभित्र र निरन्तर | एकीकृत सफ्टवेयर प्रणाली लागू भएको हुने। |
| 294. | इन्टरनेटमा अधिकतम नेपालीको पहुँच पुऱ्याउन फिक्स्ड वा तारमा आधारित इन्टरनेट सर्वसुलभ बनाउन शुल्क घटाउने र ब्रोडब्याण्ड कनेक्टिभिटि विस्तार गर्न ग्रामीण दूरसञ्चार कोष परिचालन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | इन्टरनेट सर्वसुलभ बनाउन शुल्क घटाउने, ग्रामीण दूरसञ्चार कोष परिचालन तथा ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड कनेक्टिभिटि विस्तार भएको हुने। |
| 295. | विद्यालय तहदेखि नै सूचना प्रविधि सम्बन्धी विषय पठनपाठन गराउने साथै कुनै एक विश्वविद्यालयलाई सूचना प्रविधि क्षेत्रको उत्कृष्टता केन्द्र (सेन्टर अफ एक्सेलेन्स) को रूपमा विकास गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ वर्षभित्र | सूचना प्रविधि सम्बन्धी विषय पाठ्यक्रममा समावेश भएको हुने।<br>कुनै एक विश्वविद्यालय सेन्टर अफ एक्सेलेन्स को रूपमा रुपान्तरण भएको हुने। |
| 296. | सबै नेपालीलाई सूचना प्रविधि सेवाको सहज रूपमा प्रयोग गर्न सक्षम बनाउन नेपाली वा अन्य राष्ट्रिय भाषामा इन्टरनेट सामग्री वा सार्वजनिक सेवा उपलब्ध गराउने व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | नेपाली वा अन्य राष्ट्रिय भाषामा इन्टरनेट सामग्री वा सार्वजनिक सेवा उपलब्ध गराउने व्यवस्था |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | कार्यान्वयनमा आएको हुने। |
| 297. | सूचना प्रविधि कम्पनीहरूलाई लक्षित गरी प्रमुख शहरहरुमा सरकारी लगानीमा वर्किङ सेन्टर स्थापना गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | प्रमुख शहरमा वर्किङ सेन्टर स्थापना भई सञ्चालनमा आएको हुने। |
| 298. | सूचना प्रविधि कम्पनीको नियमन र आवश्यक सहजीकरणका लागि सूचना प्रविधि विभागको क्षमता बढाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | सूचना प्रविधि विभागको नियमन क्षमता बढेको हुने। |
| 299. | सूचना प्रविधि कम्पनीमा काम गर्ने व्यक्तिहरू लक्षित गरी स्थानीय तहले रातको समयमा सार्वजनिक यातायात सञ्चालन गर्ने र यस्ता कम्पनीमा काम गर्ने महिलालाई लक्षित गरी गर्ल्स होस्टल/हाउजिङ् विकास गर्ने। | शहरी विकास मन्त्रालय/स्थानीय तह | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २ वर्षभित्र | सूचना प्रविधि कम्पनीका कामदार लक्षित गरी सार्वजनिक यातायात सञ्चालन एवम् गर्ल्स होस्टल/हाउजिङ् विकास भएको हुने। |
| 300. | नेपालका सार्वजनिक निकाय तथा संगठित संस्थाले खरिद गर्ने सफ्टवेयर अनिवार्य रूपमा नेपाली सूचना प्रविधि कम्पनीबाट निर्मित खरिद गर्नुपर्ने व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल सरकार (मन्त्रिपरिषद) | २ वर्षभित्र | सार्वजनिक निकायले सफ्टवेयर खरिद गर्दा अनिवार्य रूपमा नेपाली सूचना प्रविधि कम्पनीबाट निर्मित खरिद गर्नुपर्ने व्यवस्था भएको हुने। |
| 301. | आगामी पाँच वर्षको लागि कुल पुँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम सूचना प्रविधि क्षेत्रको भौतिक पूर्वाधार वर्क स्टेसन, सूचना प्रविधि पार्क बनाउन विनियोजन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्षभित्र र कम्तीमा निरन्तर ५ वर्षसम्म | सूचना प्रविधि क्षेत्रको भौतिक पूर्वाधार बनाउन कुल पुँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम विनियोजन भएको हुने। |
| 302. | सबै प्रदेशमा सूचना प्रविधि विकासको लागि आवश्यक समग्र इकोसिस्टम विकास गर्न निजी क्षेत्रसँगको सहकार्यमा सूचना प्रविधि तथा नवप्रवर्तन केन्द्र स्थापना गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | सूचना प्रविधि तथा नवप्रवर्तन केन्द्र स्थापना भएको हुने। |
| 303. | डिजिटल नेपाल फ्रेमवर्क, २०७६ लाई समसामयिक रूपमा परिमार्जन गरी कार्यान्वयन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | डिजिटल नेपाल फ्रेमवर्क २.० तर्जुमा भई कार्यान्वयनमा आएको हुने। |
| | **भौतिक पूर्वाधार विकास** | | | | |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 304. | समग्र पूर्वाधार क्षेत्रको विकासको लागि एकीकृत दीर्घकालीन पूर्वाधार गुरुयोजना तर्जुमा गर्ने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | एकीकृत दीर्घकालीन पूर्वाधार गुरुयोजना तर्जुमा भएको हुने। |
| 305. | सबै तहका सरकारी कार्यालयले गर्ने खरिद प्रक्रियामा एकरूपता कायम गर्न प्रत्येक कार्यालयमा खरिद व्यवस्थापन एकाइको प्रावधान राखी प्रमाणित खरिद विशेषज्ञ (Certified Procurement Expert) बाट मात्र खरिद कार्य सञ्चालन गर्ने व्यवस्था गर्ने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश/स्थानीय तह | २ वर्षभित्र | खरिद व्यवस्थापन एकाइ स्थापना गरी सञ्चालन भएको हुने। |
| 306. | सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत सुदृढीकरण गर्दै सार्वजनिक खरिद प्रक्रियालाई थप सरल, पारदर्शी र लागतप्रभावी बनाउने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत सुदृढीकरण भएको हुने। |
| 307. | वस्तु तथा सेवाको प्रकृति अनुरुप अलग अलग खरिद मापदण्ड तर्जुमा गरी लागू गर्ने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | मापदण्ड तयार गरी लागू भएको हुने। |
| 308. | सार्वजनिक निर्माण र परामर्श सेवा खरिदको "स्टान्डर्ड बिडिंङ्ग डकुमेन्ट" अन्तर्राष्ट्रिय संस्था फिडिक (FIDIC) को मापदण्ड अनुसारका सम्झौताका सर्तहरू नेपाली भाषामा अनुवाद गरी खरिदमा संलग्न कर्मचारीको (खरिद विशेषज्ञ) काममा सहजीकरण गर्ने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | "अन्तर्राष्ट्रिय संस्था फिडिक (FIDIC) को मापदण्ड अनुसारका सम्झौताका सर्तहरू नेपाली भाषामा अनुवाद भई कार्यान्वयन भएको हुने। |
| 309. | विद्युतीय खरिद प्रणालीलाई सुदृढ गरी निर्माण व्यवसायी र परामर्शदाताको विवरण एकीकृत रूपमा प्राप्त गर्ने व्यवस्था मिलाउने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | निर्माण व्यवसायी र परामर्शदाताको विवरण एकीकृत रूपमा प्राप्त गर्ने व्यवस्था भएको हुने। |
| 310. | ठेक्का व्यवस्थापनमा संलग्न निर्माण कम्पनीको तेस्रो पक्षबाट रेटिङ्ग गराई मूल्याङ्कनको आधारको रूपमा लिन सकिने व्यवस्था मिलाउने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | निर्माण कम्पनीको तेस्रो पक्षबाट रेटिङ्ग गर्ने व्यवस्था कार्यान्वयन भएको हुने। |
| 311. | निर्माण व्यवसायीलार्इ परिचालन (मोबिलाईजेसन) पेश्की दिनुपर्ने वा उनीहरूले त्यस्तो पेश्की लिएर मात्रै काम गर्ने विद्यमान परिपाटीलार्इ निरूत्साहित गर्दै निर्माण व्यवसायीहरूले वित्त बजार मार्फत ऋण लिएर | भौतिक पूर्वाधार सम्बद्ध मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | निर्माण व्यवसायीले ऋण लिन व्यवस्थित वित्त बजारको विकास भएको |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | काम गर्नुपर्ने प्रणाली स्थापित गर्न सुरक्षित कारोबार ऐन, २०६३ को कार्यान्वयन प्रभावकारी बनाई व्यवस्थित वित्त बजारको विकास गर्ने। | | | | हुने। |
| 312. | निर्माण व्यवसायीलार्इ प्रोत्साहित गर्दै कार्यसम्पादनलार्इ प्रभावकारी बनाउन हाल प्रचलनमा रहेको जोखिम बिमामा केही परिमार्जन गरी किफायती (Affordable) बनाउने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | जोखिम बिमामा केही परिमार्जन गरी किफायती (Affordable) भएको हुने। |
| 313. | परियोजना बैंङ्कलाई सुदृढ गरी राष्ट्रिय गौरवका तथा ठूला बहुवर्षीय आयोजनाको छनौट, ठेक्कापट्टा तथा परिचालनमा उपयोग गर्ने। | राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय | १ वर्षभित्र र निरन्तर | परियोजना बैंङ्क सुदृढ भई उपयोग भएको हुने। |
| 314. | छोटो अवधिका आधारभूत तथा दूरगामी आर्थिक र सामाजिक विकासका लक्ष्य प्राप्तिका लागि विशिष्ट पूर्वाधार क्षेत्रमा क्षेत्रगत योजना (Sectoral Business Plan) तर्जुमा गरी उक्त परियोजनामा बजेट सुनिश्चित हुने प्रणाली विकास गर्ने। | सम्बन्धित मन्त्रालयहरू | अर्थ मन्त्रालय/ राष्ट्रिय योजना आयोग | २ वर्षभित्र | क्षेत्रगत परियोजनामा बजेट सुनिश्चित हुने प्रणाली विकास भएको हुने। |
| 315. | विभिन्न पूर्वाधार क्षेत्रमा कर छुट दिँदा आर्थिक र सामाजिक क्षेत्रमा पुग्न सक्ने प्रभावकारिताको विश्लेषण गरेर मात्र दिने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | पूर्वाधार सञ्चालन गर्ने मन्त्रालयहरू | निरन्तर | कर छुट दिँदा आर्थिक र सामाजिक क्षेत्रमा पुग्न सक्ने प्रभावकारिताको विश्लेषण गरेर मात्र दिने व्यवस्था भएको हुने। |
| 316. | विभिन्न परियोजनासँग सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि गर्न तालिम तथा प्रशिक्षणको व्यवस्था गर्ने। | परियोजना सञ्चालन गर्ने मन्त्रालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | जनशक्ति क्षमता विकास तथा तालिम सञ्चालन भएको हुने। |
| 317. | आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अङ्क हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने गरी मापदण्ड तयार गर्ने। | आयोजना सञ्चालन गर्ने मन्त्रालयहरू | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | सरुवाको मापदण्ड तयार भई कार्यान्वयनमा आएको हुने। |
| 318. | आयोजनाको अनुगमन र मूल्याङ्कनको लागि परिमाणात्मक सूचकहरू विकास गरी, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनका सिफारिसहरू लागू गर्न र पुँजीगत खर्च क्षमता बढाउन दण्ड र पुरस्कारको व्यवस्था गर्ने। | आयोजना सञ्चालन गर्ने मन्त्रालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | पुँजीगत खर्च क्षमता बढाउन दण्ड र पुरस्कारको व्यवस्था कार्यान्वयनमा आएको हुने। |
| 319. | लगातार दुई आर्थिक वर्षसम्म लक्ष्यको ५० प्रतिशत भन्दा कम प्रगति हासिल भएका आयोजनालाई सम्बद्ध मन्त्रालयले रुग्ण आयोजनाका रूपमा घोषणा गरी सो आयोजनामा देखिएका खास समस्या सम्बोधन गर्ने गरी आयोजना मूल्याङ्कन प्रणालीको विकास गर्ने। | राष्ट्रिय योजना आयोग/सम्बन्धित मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | आयोजना मूल्याङ्कन प्रणालीको विकास भई कार्यान्वयनमा आएको हुने। |
| 320. | विकास आयोजना कार्यान्वयन सम्बन्धी एकीकृत ऐन तर्जुमा गर्ने। | राष्ट्रिय योजना आयोग | कानून, न्याय तथा | २ वर्षभित्र | विकास आयोजना |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | संसदीय मामिला मन्त्रालय | | कार्यान्वयन सम्बन्धी एकीकृत ऐन तर्जुमा भएको हुने। |
| 321. | राष्ट्रिय प्राथमिकता प्राप्त योजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाउने। | सम्बन्धित आयोजना सञ्चालन गर्ने मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६ महिनाभित्र र निरन्तर | राष्ट्रिय प्राथमिकताका आयोजनामा २ सिफ्टमा काम गर्ने व्यवस्था भएको हुने। |
| 322. | तोकिएको समय वा अगावै आयोजना सम्पन्न गर्ने परियोजनासँग सम्बन्धित कर्मचारीको कार्यसम्पादनलाई बढुवामा गणना गर्ने गरी अभिलेख राखी परियोजनासंग सम्बन्धित कर्मचारीलाई प्रोत्साहन गर्ने व्यवस्था गर्ने। | सम्बन्धित आयोजना सञ्चालन गर्ने मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/अर्थ मन्त्रालय | १ वर्षभित्र र निरन्तर | कर्मचारीलाई प्रोत्साहन व्यवस्था भएको हुने। |
| 323. | प्रत्येक परियोजनाले क्रिटिकल पाथ विश्लेषण (Critical Path Analysis) तयार गर्न अनिवार्य गर्ने कानूनी प्रावधान राख्ने। | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र | Critical Path Analysis तयार गर्न अनिवार्य गर्ने कानूनी प्रावधान गरी कार्यान्वयन भएको हुने। |
| 324. | संघ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण गर्न बनेको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० पूर्ण रूपमा पालना गर्ने। | तीनै तहका सरकार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० पूर्ण रूपमा पालना भएको हुने। |
| 325. | निर्माणमा प्रयोग हुने सामग्री, निर्माण गरिने परियोजना र संलग्न जनशक्तिको गुणस्तर सुनिश्चित गर्ने। | भौतिक पूर्वाधार सम्बद्ध मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | निर्माण सामग्री तथा जनशक्तिको गुणस्तर सुनिश्चित भएको हुने। |
| 326. | परियोजना विशेष ऋणपत्र लगानी जुटाउन हाल मुलुकमा रहेको नेपाल इन्फ्रास्टक्चर बैंङ्क लिमिटेड (NIFRA) लाई पुनःसंरचना गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | NIFRA को पुनःसंरचना भएको हुने। |
| 327. | नेपाल सरकार मार्फत सरकारी संस्थानमा परिचालन हुने ऋण एस्क्रो एकाउन्ट मार्फत सोभै भुक्तानी गर्ने व्यवस्था मिलाउने। | अर्थ मन्त्रालय | सम्बन्धित सार्वजनिक संस्थान सम्वद्ध मन्त्रालयहरू | १ वर्षभित्र | एस्क्रो एकाउन्ट मार्फत ऋण सोभै भुक्तानी गर्ने व्यवस्था भएको हुने। |
| 328. | गुणस्तरीय लगानीका लागि सरकारले सहुलियत, हेजिङ, ग्रीन बण्ड, special-purpose vehicles, जस्ता औजारमार्फत वैदेशिक लगानी आकर्षण गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | सृजनात्मक उपकरण मार्फत वैदेशिक लगानी आकर्षित भएको हुने। |
| 329. | सार्वजनिक-निजी साभेदारीका लागि स्वामित्व-सञ्चालन-हस्तान्तरणका | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा | २ वर्षभित्र | सार्वजनिक निजी |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | विविध मोडेलहरू र मिश्रित वित्त (blended finance) सहित लगानी-लाभ साझेदारीको लागि संयन्त्रहरू स्थापना गर्ने। | | मन्त्रिपरिषद्को कार्यालय | | साझेदारीका लागि लगानी-लाभ साझेदारीका संयन्त्र स्थापना भएको हुने। |
| 330. | जलवायु वित्तका विभिन्न् उपकरणहरु जस्तै कार्बन कर, हरित वित्त आदि प्रयोग गर्न जलवायु वित्तमा पहुँचका लागि विश्वव्यापी प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने। | अर्थ मन्त्रालय | वन तथा वातावरण मन्त्रालय | २ वर्षभित्र | विविध उपकरणको प्रयोग गरी जलवायु वित्तमा पहुँच बढेको हुने। |
| 331. | पूर्वाधार निर्माणमा सरकारका अतिरिक्त निजीक्षेत्रको लगानी अभिवृद्धि गर्दै निर्मित पूर्वाधारको उचित संरक्षण र मर्मत सम्भार व्यवस्थापन गर्ने। | पूर्वाधार निर्माण सम्बद्ध मन्त्रालयहरू | अर्थ मन्त्रालय | निरन्तर | पूर्वाधारको उचित संरक्षण र समय समयमा मर्मत भएको हुने। |
| 332. | स्वदेशमा खपत हुने र निर्यात समेत गर्न सकिने वस्तु उत्पादन गर्ने औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा लगानी गर्ने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | निरन्तर | औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा लगानी भएको हुने। |
| 333. | नयाँ सडक निर्माण गर्दा सम्भव भएसम्म कंक्रीट सडक बनाउने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय/शहरी विकास मन्त्रालय/प्रदेश सरकार/स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | नयाँ सडक बनाउनपर्दा कंक्रीट सडकमा जोड दिइएको हुने। |
| 334. | नेपालको मौसम अनुकूल हुने गरी डेटा सेन्टरलाई प्राकृतिक रूपमा “एअर कन्डिसन” हुन सक्ने उपयुक्त स्थानमा स्थानान्तरण गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय | २ वर्षभित्र | डेटा सेन्टर प्राकृतिक रूपमा उपयुक्त हुने स्थानमा स्थानान्तरण भएको हुने। |
| 335. | अर्थतन्त्रका प्रमुख क्षेत्रमा हरित रोजगारी सिर्जना गर्दै डिजिटल पूर्वाधारको विस्तार र पर्यटनको सम्भाव्यताको सदुपयोग गरी दिगो विकास लक्ष्यहरू अनुरूप पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | हरित तथा पर्याप्त रोजगारी सिर्जना भएको हुने। |
| 336. | जलवायु-उत्थानशील पूर्वाधार, जलविद्युत् विकास, र विद्युतीय सवारी साधन र सफा खाना पकाउने वैकल्पिक ऊर्जास्रोत, जस्ता स्वच्छ ऊर्जामा लगानी अभिवृद्धि गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | वन तथा वातावरण मन्त्रालय | निरन्तर | जलवायु उत्थानशील पूर्वाधार विकास लगायतका क्षेत्रमा लगानी वृद्धि भएको हुने। |
| 337. | जलवायु-उत्थानशील पूर्वाधार योजना र सूचना प्रविधिको उपयोग मार्फत विपद् जोखिम पूर्व तयारी गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | विपद् जोखिम पूर्व तयारी प्रभावकारी भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 338. | पूर्ण रूपमा प्रयोगमा नआएका बिमानस्थलको वैकल्पिक प्रयोगको योजना तयार गर्ने तथा नयाँ बिमानस्थल परियोजना वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र लगानीको प्रतिफल (ROI) को लेखाजोखा गर्दा लाभकारी देखिए मात्र निर्माण गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र र निरन्तर | पूर्ण रूपमा प्रयोगमा नआएका बिमानस्थलको वैकल्पिक प्रयोग योजना तयार भएको हुने। नयाँ बिमानस्थल बनाउँदा EIA र RoI को लेखाजोखा भएको हुने। |
| 339. | हाल निर्माणको चरणमा रहेका सडक परियोजनाको निर्माण सम्पन्न नभएसम्म नयाँ सडक परियोजना सुरु नगर्ने। भौगोलिक क्षेत्र अनुसार सडकको चौडाई, भारवहन क्षमता र निर्माण विधिको मापदण्ड बनाउने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | क्रमागत सडक सम्पन्न भएपछि मात्र नयाँ आयोजना सुरूवात भएको हुने। भौगोलिक क्षेत्र अनुसार सडकको मापदण्ड तयार भएको हुने। |
| 340. | राष्ट्रिय गौरवका आयोजनाको मापदण्ड पुनरावलोकन गर्ने। | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | आयोजना मापदण्ड पुनरावलोकन भएको हुने। |
| | **शहरी विकास** | | | | |
| 341. | शहरी क्षेत्रमा शहरी विकास र आवास विकास गर्न तथा ग्रामीण क्षेत्रमा कृषि चक्लाबन्दी गर्न जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने। | शहरी विकास मन्त्रालय/ स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्षभित्र र निरन्तर | जग्गा एकीकरण कार्यक्रम सञ्चालन भएको हुने। |
| 342. | भूमि प्रशासन र व्यवस्थापनका कार्य भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरी भू-उपयोग र वस्ती विकास कार्यक्रम शहरी विकास मन्त्रालयले गर्ने व्यवस्था मिलाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | १ वर्षभित्र | भू-उपयोग र वस्ती विकास कार्यक्रम शहरी विकास मन्त्रालयबाट सम्पादन भएको हुने। |
| 343. | न्यूनतम प्लट साइज तोकी जग्गा खण्डीकरण गर्न पूर्णतया रोक लगाउने, पैतृक सम्पत्तिको अंशबण्डा गर्दा जग्गा खण्डीकरण नहुने गरी तल्लामा अंशभाग गर्न मिल्ने कानूनी व्यवस्था गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र र निरन्तर | जग्गा खण्डीकरण रोक्न कानून जारी गरी कार्यान्वयन भएको हुने। |
| 344. | घरजग्गाको अनियन्त्रित मूल्य र कारोबारलाई नियन्त्रण गर्न दर्तावाला एजेन्सी मार्फत मात्र घरजग्गाको व्यावसायिक कारोबार गर्ने व्यवस्था लागू गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | दर्तावाला एजेन्सी मार्फत मात्र घरजग्गाको व्यावसायिक कारोबार भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 345. | मध्यम आय वर्गका लागि आवास सुविधा उपलब्धिमा सहजीकरण गर्न सहकारी आवास सम्बन्धी राष्ट्रिय नीति तथा निर्देशिका लागू गर्ने । | शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | सहकारी आवास सम्बन्धी राष्ट्रिय नीति तथा निर्देशिका लागू भएको हुने। |
| 346. | घरबार विहीन र सुकुमबासीको पहिचान, व्यवस्थापन र आवासको सुनिश्चिततामा सघ प्रदेश र स्थानीय तहको सहजकारी भूमिका निश्चित गर्न राष्ट्रिय आवास नीति, २०६८ परिमार्जन गर्ने । | शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | राष्ट्रिय आवास नीति, २०६८ परिमार्जन भएको हुने । |
| 347. | वैदेशिक लगानीकर्तालाई सहज वातावरण तयार गर्न दुई लाख अमेरिकी डलरभन्दा बढी लगानी गर्ने वा नेपालको बैंङ्कमा निक्षेप राख्ने लगानीकर्ताको लागि निश्चित शर्तको अधीनमा आवास प्रयोजनका लागि घर वा फ्ल्याट खरीद गर्न पाउने व्यवस्था गर्ने। | शहरी विकास मन्त्रालय/ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र | वैदेशिक लगानीकर्ताले घर वा फ्ल्याट खरीद गर्न पाउने व्यवस्था भएको हुने। |
| 348. | विपद् प्रभावित परिवारलाई पुनर्निर्माणको क्रममा राहत स्वरूप तत्काल उपलब्ध गराउने आवास सुविधाको न्यूनतम राष्ट्रिय मापदण्ड तोक्ने । | शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिना | आवास सुविधाको न्यूनतम राष्ट्रिय मापदण्ड तोकिएको हुने। |
| 349. | नयाँ राष्ट्रिय भवन नीति तर्जुमा गरी तदनुरूप स्थानीय वास्तुकला, प्रविधि र निर्माण सामग्री तथा अत्याधुनिक प्रविधि र सामग्रीको विषय समेत संवोधन हुने गरी भवन ऐनमा संशोधन गर्ने । | शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | नयाँ राष्ट्रिय भवन नीति तर्जुमा एवम् भवन ऐनमा संशोधन भएको हुने। |
| 350. | भवन डिजाइन तथा निर्माण गर्ने व्यवसायीको न्यूनतम योग्यता र अनुभव तोकेर व्यवसाय दर्ता गराउने तथा व्यक्तिगत भवन निर्माणमा संलग्न असंगठित कटकन्दार वा साना निर्माण व्यवसायीहरूको नियमन गर्ने । | शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | भवन डिजाइन तथा निर्माण गर्ने व्यवसायीको मापदण्ड तोकी नियमन भएको हुने। |
| 351. | जग्गा एकीकरण तथा भवन एकीकरण (house pooling) सम्बन्धी कार्यविधिबाट सम्पादित कार्य नगर विकास नियमावली तर्जुमा गरी सम्पादन हुने व्यवस्था मिलाउने। निश्चित आकारसम्मको साना शहरहरुमा जग्गा तथा भवन एकीकरणको कार्य निजी क्षेत्रले गर्न सक्ने व्यवस्था गर्ने। | शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | नगर विकास नियमावली तर्जुमा भएको हुने। जग्गा तथा भवन एकीकरण सम्बन्धी कार्यविधि तर्जुमा भएको हुने। |
| 352. | पहाडी क्षेत्रमा साविक वस्तिका घरघडेरीसँग नयाँ स्थानान्तरित हुने वस्तिको घरघडेरी सट्टापट्टा गर्न सकिने प्रावधान भू-उपयोग ऐनमा समावेश गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | घरघडेरी सट्टापट्टा गर्न सकिने प्रावधान भू-उपयोग ऐनमा समावेश भएको हुने। |
| 353. | शहरी योजना मापदण्डमा निम्न विषयहरू समावेश गरी परिमार्जन गर्ने:<br>(क) शहरी खुल्ला क्षेत्रको बहु–आयामिक प्रयोग गर्नुपर्ने विषय, | शहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | निरन्तर | शहरी योजना मापदण्ड परिमार्जन भई कार्यान्वयन |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | (ख) कुन किसिमको शहरी योजनामा कुन अवयवहरू अनिवार्य समावेश गर्ने भन्ने सूची,<br>(ग)ग्रामीण शहरी अन्तरसम्बन्ध विकास,<br>(घ) पूर्वाधार विकासमा Value Engineering अनुरूप विविध विकल्पहरूको प्रतिफल र लाभको अनिवार्य विश्लेषण,<br>(ङ) शहरी जीवन्तता कायम गर्न अनौपचारिक क्षेत्रको योगदानका विविध सम्भावित पक्षलाई सम्बोधन गर्ने विषय,<br>(च) मर्यादित जीविकोपार्जनका लागि रोजगारीमूलक अवसरको उपलब्धता सुनिश्चित हुने गरी शहरी योजना तथा कार्यक्रममा शहरी गरिबको विविध आयाम र तिनको आवश्यकतालाई सम्वोधन,<br>(छ)विहंगम दृष्टिकोणले क्षेत्रीय अवधारणा समेतको आधारमा योजना तर्जुमा। | | कार्यालय | | भएको हुने। |
| | **उर्जा विकास** | | | | |
| 354. | मिश्रित ऊर्जा प्रणालीको अवधारणा कार्यान्वयन गर्न “राष्ट्रिय ऊर्जा सुरक्षा नीति" तर्जुमा गर्ने । | उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | "राष्ट्रिय ऊर्जा सुरक्षा नीति" तर्जुमा भएको हुने । |
| 355. | प्राकृतिक वा मानवसिर्जित कारणबाट ऊर्जा संकट आइपरेमा तत्काल ऊर्जा आपूर्तिको लागि वैकल्पिक स्रोत वा भण्डारणको व्यवस्था गर्ने । | उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ वर्षभित्र | ऊर्जा आपूर्तिको लागि वैकल्पिक स्रोत वा भण्डारणको व्यवस्था भएको हुने। |
| 356. | तत्कालका लागि परम्परागत जैविक ऊर्जाको स्रोतलाई कार्बन उत्सर्जन न्यून हुने किसिमले प्रशोधन गरी ब्रिकेट, पेलेट वा चारकोलको रूपमा प्रयोग गर्न प्रोत्साहन गर्ने । | उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | परम्परागत जैविक उर्जाका स्रोतलाई न्यून कार्वन उत्सर्जन हुने गरी प्रयोग गर्न प्रोत्साहन गरिएको हुने। |
| 357. | पेट्रोलियम पदार्थको आपूर्ति संरचनामा विविधता ल्याई ऊर्जा सुरक्षाको दृष्टिले लामो समयसम्म एउटै स्थान वा बजार वा नाकाबाट पेट्रोलियम पदार्थ आयात गर्नुको सट्टा फरक-फरक देश, बजार वा नाका वा अन्य वैकल्पिक उपायहरू अवलम्बन गर्ने र एउटै देशबाट आयात गर्दा पनि वैकल्पिक मार्गहरू समेत पहिचान गर्ने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय/उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र | पेट्रोलियम पदार्थको आपूर्ति संरचनामा विविधता ल्याउन, आयातको लागि वैकल्पिक मार्ग र उपाय पहिचान भएको हुने। |
| 358. | कम्तीमा तीन महिनाको लागि पुग्नेगरी पेट्रोलियम पदार्थको भण्डारण | उद्योग वाणिज्य तथा आपूर्ति | प्रधानमन्त्री तथा | ३ वर्षभित्र | कम्तीमा तीन महिनाको |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | क्षमता सहितको पेट्रोलियम भण्डारण स्थल निर्माण गर्ने। | मन्त्रालय | मन्त्रिपरिषद्को कार्यालय | | लागि पुग्ने पेट्रोलियम पदार्थको भण्डारण क्षमता वृद्धि र भण्डार स्थलको सुरक्षा कायम भएको हुने। |
| 359. | जलस्रोत तथा अन्य नवीकरणीय ऊर्जाका स्रोतको उपयोग मार्फत विद्युत् उत्पादन गरी परम्परागत जैविक ऊर्जा र आयातित खनिज ऊर्जालाई विस्थापित गर्ने नीति लागू गर्ने। | उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | जैविक ऊर्जा र आयातित खनिज ऊर्जालाई विस्थापित गर्ने नीति लागू भएको हुने। |
| 360. | खुद शून्य उत्सर्जन रणनीतिमा देहायबमोजिमको क्षेत्रगत प्राथमिकता कायम गर्ने:<br>(क) घरायसी क्षेत्रमा कार्बन उत्सर्जन न्यूनीकरणको लागि एलपी ग्यासको अनुदान खारेज गर्ने र विद्युतीय चुलो र वायोग्याँसको प्रयोग बढाउने ।<br>(ख) यातायात क्षेत्रमा कार्बन उत्सर्जन न्यूनीकरण गर्न निजी र सार्वजनिक दुवै सवारी साधनलाई विद्युतीय सवारी साधनले चरणवद्ध रूपमा प्रतिस्थापन गर्ने।<br>(ग) धातुजन्य, सिमेन्ट, इँटा भट्टा जस्ता ठूला उद्योगमा आवश्यक पर्ने तापीय ऊर्जाको लागि विद्युत्बाट चल्ने प्रविधि प्रयोग गर्न कर छुट र सहुलियतपूर्ण ऋण जस्ता माध्यमबाट प्रोत्साहन गर्ने ।<br>(घ) परम्परागत इँटा भट्टालाई आधुनिक ब्रिक क्लिनले प्रतिस्थापन गर्ने<br>(ङ) सिमेन्ट उद्योगमा उत्सर्जन हुने कार्बन (Carbon Capture, Utilization and Storage-CCUS) नियन्त्रण गर्न उद्योगहरूलाई प्रोत्साहन गर्ने ।<br>(च) कृषि क्षेत्रमा सिँचाइका लागि पानी तान्ने पम्प र फार्म मेसिनरीको लागि विद्युतीय ऊर्जा प्रयोग बढाउने ।<br>(छ) सौर्य फोटोभोल्टेक पम्पिङ्ग (PVPS) को प्रवर्द्धन गर्ने। | उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | खुद शुन्य उत्सर्जन रणनीति मार्फत उल्लिखित सुझावहरु कार्यान्वयन भएका हुने। |
| 361. | दुर्गम क्षेत्रमा ऊर्जा सुरक्षाका लागि विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणालीको विकास गरी लागू गर्ने । | उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणालीको विकास भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 362. | हरित हाइड्रोजन विकाससम्बन्धी कानूनी व्यवस्था गर्ने। | उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्ष | हरित हाइड्रोजन विकाससम्बन्धी कानून तर्जुमा भई कार्यान्वयनमा आएको हुने। |
| | **शिक्षा** | | | | |
| 363. | साक्षरता दर न्यूनतम हुने जिल्लामा विशेष कार्यक्रम सञ्चालन गरी साक्षरता, शैक्षिक स्तर र उत्पादकत्व बढाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निरन्तर | साक्षरता र शैक्षिक स्तर वृद्धि भएको हुने। |
| 364. | सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या बढाउन अंग्रेजी माध्यमबाट समेत पठन पाठन गराउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्ष | सामुदायिक विद्यालयमा अंग्रेजी र नेपाली माध्यमबाट पठन पाठन भएको हुने। |
| 365. | न्यून विद्यार्थी भएका उच्च माध्यमिक तहका विद्यालयलाई गाभी गुणस्तरीय शिक्षाको प्रबन्ध मिलाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थानीय तहहरु | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निरन्तर | उच्च माध्यमिक तहका विद्यालयलाई गाभी गुणस्तरीय शिक्षाको प्रबन्ध र छात्रावासको समेत व्यवस्था भएको हुने। |
| 366. | गणित, विज्ञान तथा अंग्रेजी विषयको शिक्षक हुनका लागि सोही विषयमै वि एड गरेको हुनुपर्ने प्रावधान हटाउने। शिक्षक आपूर्ति सहजताका लागि अंग्रेजीका लागि मानविकी संकायबाट, विज्ञानका लागि विज्ञान संकायवाट र गणितका लागि मानविकी वा विज्ञान संकायबाट पास गरेको भए पुग्ने प्रावधान राख्ने। स्थायी भएपछि न्यूनतम तीन महिने शैक्षिक-विधि (पेडागोजी) को तालिम दिने व्यवस्था मिलाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | गणित, विज्ञान तथा अंग्रेजी विषयको शिक्षक हुनका लागि विएड गर्नै पर्ने प्रावधान हटी तीन महिने पेडागोजी सम्बन्धी तालिम सञ्चालन भएको हुने। |
| 367. | विद्यालय शिक्षालाई उद्यमशीलतामूलक बनाउन माध्यमिक तहको पाठ्यक्रममा अनिवार्य रूपमा एउटा व्यावसायिक विषय समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | विद्यालय शिक्षा व्यवसायिक एवम् उद्यमशीलता केन्द्रित भएको हुने। |
| 368. | न्यून विद्यार्थी भएका विश्वविद्यालयलाई उत्पादन दक्षता बढाउन एकापसमा गाभ्ने नीति अवलम्बन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ वर्षभित्र र निरन्तर | न्यून विद्यार्थी भएका विश्वविद्यालय एकापसमा गाभिएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 369. | प्रत्येक विश्वविद्यालयलाई कुनै एक विधामा विशिष्टता विकास गर्न र प्राविधिक विषयको जनशक्ति उत्पादन गर्न उत्प्रेरित गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निरन्तर | प्रत्येक विश्वविद्यालय कुनै एक विधामा विशिष्टता विकास भएको हुने। |
| 370. | शैक्षिक बेरोजगार कम गर्न राष्ट्रिय आवश्यकता र बजारको माग अनुकूलको पाठ्यक्रम तयार गर्न विश्वविद्यालयलाई निर्देशित गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | विश्वविद्यालयको पाठ्यक्रम परिमार्जन भई राष्ट्रिय आवश्यकता र बजारको माग अनुकूल भएको हुने। |
| 371. | देशभित्रको शिक्षा अन्तरराष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाएर उच्च शिक्षाको लागि विदेश जाने प्रवृत्तिमा कमी ल्याउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निरन्तर | उच्च शिक्षाको लागि विदेश जाने प्रवृत्तिमा कमी आएको हुने। |
| 372. | विशिष्टीकृत सेवाहरू जस्तै डाक्टर, पाइलट, इन्जिनियर आदिमा कोटा प्रणालीले गर्दा उत्पादन ऋणात्मक बनेको हुँदा कोटा प्रणाली खारेज गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | विशिष्टीकृत सेवामा कोटा प्रणाली खारेज भएको हुने। |
| 373. | प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त जनशक्तिको उत्पादन बढाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | निरन्तर | प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त जनशक्तिको उत्पादन बढेको हुने। |
| | **स्वास्थ्य** | | | | |
| 374. | स्वास्थ्य नीति चिकित्सकहरूको उत्पादन बढाउनेतर्फ केन्द्रित गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | निरन्तर | स्वास्थ्य नीति चिकित्सकहरूको उत्पादन बढाउनेतर्फ केन्द्रित भएको हुने। |
| 375. | बागमती वाहेकका प्रदेशमा एक/एक वटा सुविधा सम्पन्न अस्पतालको निर्माण गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | १ वर्षभित्र | छ प्रदेशमा एक/एक वटा सुविधा सम्पन्न अस्पतालको निर्माण भएको हुने। |
| 376. | प्राकृतिक तथा आयुर्वेद चिकित्सा प्रणालीको प्रवर्द्धन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | १ वर्षभित्र र निरन्तर | प्राकृतिक तथा आयुर्वेद चिकित्सा प्रणालीको प्रवर्द्धन भएको हुने। |
| 377. | छात्रवृत्तिमा चिकित्साशास्त्र विषयमा सरकारी वा निजी कलेजमा पढ्ने विद्यार्थीलाई ५ वर्ष अनिवार्य रूपमा स्वदेशमै सेवा गर्नुपर्ने कानूनी | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला | १ वर्षभित्र | छात्रवृत्तिमा पढ्ने विद्यार्थीलाई कम्तीमा ५ |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | व्यवस्था गर्ने। | | मन्त्रालय | | वर्ष स्वदेशमै सेवा गर्नुपर्ने कानूनी व्यवस्था भएको हुने। |
| 378. | स्वास्थ्य क्षेत्रको उपकरण खरिदका लागि सो सँग सम्बन्धित विशेषज्ञहरू भएको छुट्टै निकाय स्थापना गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सार्वजनिक खरिद अनुगमन कार्यालय | २ वर्षभित्र | स्वास्थ्य उपकरण खरिदका लागि छुट्टै निकाय सञ्चालनमा आएको हुने। |
| 379. | न्यूनतम आयको सीमा तोकी सो भन्दा न्यून आय भएकालाई स्वास्थ्य बिमाको प्रिमियम तिर्न नपर्ने तर सामाजिक सुरक्षा कर तिर्न पर्ने र सिमा भन्दा माथि भएकोले प्रिमियम तथा कर दुवै तिर्नु पर्ने व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र र निरन्तर | न्यून आय भएकाले स्वास्थ्य बिमाको प्रिमियम तिर्नु नपर्ने व्यवस्था गरी सोको कार्यान्वयन भएको हुने। |
| 380. | स्थानीयबाट प्रदेश तथा प्रदेशबाट सङ्घीय अस्पतालमा अनिवार्य रिफरल प्रणाली अवलम्बन गर्न हाल भएको कार्यविधिमा सामयिक परिमार्जनसहित प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | कार्यविधि परिमार्जन भई अनिवार्य रिफरल प्रणाली अवलम्बन भएको हुने। |
| | **बसाइँसराइ तथा युवा पलायन** | | | | |
| 381. | प्रत्येक स्थानीय तहमा रहेका आर्थिक सम्भावनाको उपयोग गरी व्यवसाय, आय-आर्जन तथा रोजगारीका अवसर सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय तह | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | व्यवसाय, आय-आर्जन तथा रोजगारी लक्षित कार्यक्रम सञ्चालन भएको हुने। |
| 382. | विश्वविद्यालयको पाठ्यक्रमलाई बदलिँदो परिवेशअनुरूप बनाउने, शैक्षिक क्यालेण्डर तर्जुमा गरी त्यसको पालना गर्ने र विश्वविद्यालयमा राजनीतिक गतिविधि बन्द गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र र निरन्तर | पाठ्यक्रम परिमार्जन र शैक्षिक क्यालेण्डर तर्जुमा भई कार्यान्वयनमा आएको हुने। |
| 383. | विद्यालय तह उत्तीर्ण गरेका देखि विश्वविद्यालय तहका विद्यार्थी लक्षित गरी “आफ्नो मुलुक चिनौं” कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र र निरन्तर | विद्यार्थीका लागि आफ्नो मुलुक चिनौं कार्यक्रम सञ्चालन भएको हुने। |
| 384. | संघ प्रदेश र स्थानीय तहले लागत साझेदारी गर्ने गरी विभिन्न विधामा विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण विद्यार्थीलाई स्थानीय तहमा विज्ञान, गणित र अंग्रेजी शिक्षक, सामाजिक परिचालक र कृषि स्नातकलाई कृषि प्रसार अधिकृत जस्ता स्वयंसेवकको रूपमा कम्तीमा दुई वर्षको लागि खटाउने। | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय/ प्रदेश सरकार/स्थानीय सरकार | १ वर्षभित्र र निरन्तर | तीनै तहको लागत साझेदारीमा विभिन्न विषयमा स्वयंसेवकहरू खटाइएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | |
| 385. | मुद्रास्फीतिको आधारमा ज्यालादर पुनरावलोकन गर्ने। | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | १ वर्षभित्र र निरन्तर | ज्यालादर पुनरावलोकन भएको हुने। |
| 386. | अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने। | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | तीनै तहका सरकार | निरन्तर | अनौपचारिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षामा आबद्ध भएका हुने। |
| 387. | सार्वजनिक सेवा प्रवाहलाई सहज र प्रविधिमैत्री बनाउने। | सबै सार्वजनिक निकायहरू | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | १ वर्षभित्र | प्रविधिको उपयोग मार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार भएको हुने। |
| 388. | प्राविधिक धारको तालिम र प्राविधिक शिक्षा विस्तार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | निरन्तर | प्राविधिक धारको तालिम र प्राविधिक शिक्षा विस्तार भएको हुने। |
| 389. | वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) सम्बन्धी व्यवस्थामा समसामयिक सुधार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिषरिषदको कार्यालय | तत्काल | एनओसी सम्बन्धी वर्तमान व्यवस्थामा समसामयिक सुधार भएको हुने। |
| | **अनुसन्धान तथा विकास** | | | | |
| 390. | अनुसन्धान तथा विकास प्रवर्द्धनका लागि प्रत्येक वर्ष कम्तीमा राष्ट्रिय बजेटको निश्चित प्रतिशत विनियोजन गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय/प्रदेश सरकार/स्थानीय सरकार | निरन्तर | अनुसन्धान तथा विकास प्रवर्द्धनमा प्रत्येक वर्ष बजेटको निश्चित प्रतिशत विनियोजन भएको हुने। |
| 391. | राष्ट्रिय योजना आयोग नेतृत्वमा, नास्ट, नार्क, राष्ट्रिय स्वास्थ्य अनुसन्धान केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, विश्वविद्यालय, नीति अनुसन्धान प्रतिष्ठान, निजी क्षेत्र, विद्वत-समूह (थिंक ट्याङ्क) सदस्य रहने गरी राष्ट्रिय अनुसन्धान तथा विकास परिषद् स्थापना गर्ने । | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ६ महिनाभित्र | राष्ट्रिय अनुसन्धान तथा विकास परिषद् स्थापना भएको हुने। |
| 392. | राष्ट्रिय विकास लक्ष्यलाई सहयोग पुऱ्याउने गरी विभिन्न राष्ट्रिय अनुसन्धानमूलक संस्थाको कार्यक्षेत्रको पुनरावलोकन गर्ने। | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | राष्ट्रिय अनुसन्धानमुलक संस्थाको कार्यक्षेत्र पुनरावलोकन भएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| 393. | राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन क्षमताको सुदृढीकरण गरी तथ्याङ्कको शुद्धता, समयानुकूलता, र समग्रतामा सुधार ल्याउने। | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निरन्तर | राष्ट्रिय तथ्याङ्क कार्यालयको क्षमता विकास भएको हुने। |
| 394. | राष्ट्रिय तथ्याङ्क कार्यालयलाई राष्ट्रिय योजना आयोग मातहत रहने व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | | १ वर्षभित्र | राष्ट्रिय तथ्याङ्क कार्यालय राष्ट्रिय योजना आयोग मातहत आएको हुने। |
| 395. | गैरसरकारी राष्ट्रिय नीति अनुसन्धान संस्था तथा विद्वत-समुहको (थिंक ट्याङ्क) नियामकीय निकायको रूपमा राष्ट्रिय अनुसन्धान तथा विकास परिषदलाई तोक्न कानूनी व्यवस्था मिलाउने। | राष्ट्रिय योजना आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रलय | २ वर्षभित्र | अनुसन्धानमूलक संस्थाको नियामकीय निकायको रूपमा राष्ट्रिय अनुसन्धान तथा विकास परिषद्लाई तोक्ने। |
| 396. | हालसम्म प्रदान गरिएका अनुसन्धान तथा विकास अनुदानको पुनरावलोकन गरी प्रभावकारिता सुनिश्चित गर्ने । | राष्ट्रिय योजना आयोग/अर्थ मन्त्रालय/अनुदान दिने मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | अनुसन्धान तथा विकास अनुदानको पुनरावलोकन भएको हुने। |
| 397. | अनुसन्धान तथा विकासमा लगानी गर्ने निजी क्षेत्रलाई कर छुट/कटौती नीति पुनरावलोकन गरी अनुसन्धान तथा विकासको पारिस्थितिकीय प्रणालीमा सहकार्यको लागि प्रोत्साहन गर्ने। | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ वर्षभित्र | अनुसन्धान तथा विकासमा लगानी गर्ने निजी क्षेत्रलाई प्रोत्साहन गरिएको हुने। |
| 398. | अन्तर्राष्ट्रिय अनुसन्धान सहकार्यलाई प्रवर्द्धन गर्न वैदेशिक अनुसन्धान लगानीलाई आकर्षित गर्ने। | अर्थ मन्त्रालय | परराष्ट्र मन्त्रलय | १ वर्षभित्र र निरन्तर | वैदेशिक अनुसन्धान लगानीलाई आकर्षित भएको हुने। |
| 399. | विश्वविद्यालयहरूलाई विशिष्ट अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | विशिष्ट अनुसन्धान केन्द्रको रूपमा विकास गरिएको हुने। |
| 400. | प्राकृतिक स्रोतको दिगो उपयोग तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न कुनै एउटा विश्वविद्यालय अन्तर्गत "प्राकृतिक स्रोत उपभोग तथा दिगो स्रोत व्यवस्थापन अनुसन्धान केन्द्र" स्थापना गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ वर्षभित्र | प्राकृतिक स्रोत उपभोग तथा दिगो स्रोत व्यवस्थापन अनुसन्धान केन्द्र स्थापना भएको हुने। |
| 401. | आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन, र डिजिटल पूर्वाधार र साईवर सुरक्षालाई प्रवर्द्धन गर्न नेपाल सरकार, इन्जिनियरिंग अध्ययन संस्थान, काठमाडौँ विश्वविद्यालय र निजी क्षेत्रका सूचना प्रविधि कम्पनीहरूको संलग्नता र सहकार्यमा "राष्ट्रिय डिजिटल नवप्रवर्तन केन्द्र" स्थापना गर्ने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १ वर्षभित्र | "राष्ट्रिय डिजिटल नवप्रवर्तन केन्द्र" स्थापना भई सञ्चालनमा आएको हुने। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | अनुगमन/ सहजीकरण गर्ने निकाय | समय सीमा | उपलब्धि |
|---|---|---|---|---|---|
| | । | | | | |
| 402. | व्यवहारिक अनुसन्धानमा विश्वविद्यालयहरूको संलग्नता बढाउन अनुसन्धान अनुदान, फेलोशिप, आर्थिक सहायता जस्ता वित्तीय सहयोगको पुनरावलोकन गरी विश्वविद्यालयहरूको व्यवहारिक अनुसन्धान क्षमतामा सुधार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्षभित्र र निरन्तर | व्यवहारिक अनुसन्धानमा विश्वविद्यालयहरूको संलग्नता र क्षमतामा बढोत्तरी आएको हुने। |
| 403. | उद्योग-शिक्षा क्षेत्रको सहकार्यलाई सुदृढ पार्न अनुसन्धान केन्द्रहरू स्थापना गरी विद्यार्थीहरू र अनुसन्धानकर्ताहरूलाई उद्योग व्यवसायहरूमा कार्यस्थल अनुसन्धान कार्य गर्न प्रोत्साहित गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्षभित्र र निरन्तर | विद्यार्थी र अनुसन्धानकर्तालाई उद्योग व्यवासायमा कार्यस्थल अनुसन्धान गर्न प्रोत्साहन भएको हुने। |
| 404. | अन्तर्राष्ट्रिय विश्वविद्यालय र स्वदेशी अनुसन्धान केन्द्रको सहकार्यलाई मजबुत पार्ने नीतिगत व्यवस्था गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १ वर्षभित्र | विश्वविद्यालय र अनुसन्धान केन्द्रको सहकार्यको लागि नीतिगत व्यवस्था भएको हुने। |
| 405. | प्राज्ञिक क्षेत्र, सरकार र उद्योग बीचको सहकार्यलाई प्रभावकारी बनाउन औद्योगिक-एकेडेमिक अनुसन्धान सहकार्यलाई प्रवर्द्धन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/ अनुसन्धान संस्था | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय/उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | औद्योगिक-एकेडेमिक अनुसन्धानका लागि प्राज्ञिक क्षेत्र, सरकार र उद्योगबीच सहकार्य प्रवर्द्धन भएको हुने। |
| 406. | अनुसन्धानमुखी जनशक्ति तयार पार्न अनुसन्धान तथा विकास सम्बन्धी सीप विकासमा लगानी गर्ने । | सबै मन्त्रालयहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय/अर्थ मन्त्रालय | निरन्तर | जनशक्ति विकासका लागि लगानी वृद्धि भई सो क्षेत्रमा जनशक्ति तयार भएको हुने। |
| 407. | जलवायु अनुकूल कृषि अनुसन्धान प्रवर्द्धन गर्न जलवायु-प्रतिरोधी बाली, एकीकृत शत्रु-जीव व्यवस्थापन र दिगो कृषि प्रविधिसम्बन्धी अनुसन्धानलाई प्राथमिकता दिने। | कृषि तथा पशुपक्षी मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निरन्तर | जलवायु अनुकूलन कृषि अनुसन्धानलाई प्राथमिकता दिइएको हुने। |
| 408. | बजार पहुँच तथा मूल्य अभिवृद्धि प्रवर्द्धन गर्न निजी क्षेत्रको सहकार्यमा अनुसन्धान तथा विकासमा आधारित कृषि प्रशोधन केन्द्रहरू स्थापना गर्ने । | कृषि तथा पशुपक्षी मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३ वर्षभित्र र निरन्तर | कृषि प्रशोधन केन्द्र स्थापना भएको हुने। |